# आ.व. २०८१ /८२ को

# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

# Annual  Educational Status Report


<u>तयार गर्ने</u>

**शिक्षा , युवा तथा खेलकूद शाखा**

**सियारी गाउँपालिका**

**रुपन्देही,लुम्विनी प्रदेश , नेपाल ।**

siyari.shikshya@gmail.com

# हाम्रो भनाइ

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकको शिक्षा प्राप्त गने अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। बिशेष गरि आधारभुत तहसम्मको शिक्षालाई अनिवार्य र नि :शुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई नि :शुल्क शिक्षाको रुपमा अङ्गिकार गर्दै मानव अधिकारमा आधारित सामाजिक न्याय र समाबेशी शिक्षाई अङ्गिकार गरेको छ। संघिय संरचनाले समेत सबैले शिक्षा प्राप्तिको अधिकारलाई प्राथमिकताका साथ शिरोधार्य गर्दै नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धि अधिकारलाई विभिन्न पाँच बुदामा स्पष्ट रुपमा उल्लेख गरेको छ। त्यसै गरि संविधानको अनुसुचि ८ तथा स्थानीय सरकार संचालन ऐनले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानिय सरकारलाई दिएको हुनाले स्थानिय तहको शिक्षाको प्रभावकारी संचालन तथा व्यवस्थापन गर्नका लागि स्थानिय तहको शिक्षा शाखा मार्फत संघिय, प्रदेश तथा स्थानिय तह एवं विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने शैक्षिक योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयन हुने गरेको छ।

समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक ,व्यवसायिक, सिप र रोजगारमुलक बनाउदै समाजबाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार पार्दै गुणस्तरिय शिक्षाको सुनिश्चिततामा हाम्रा प्रयासहरु केन्द्रित हुदै गएका छन। जम्मा २५ सामुदायिक, ३ धार्मिक , १३ संस्थागत,सामुदायिक कलेज १, सामुदायमा आधारीत वालविकास केन्द्र ११ र सामुदायिक सिकाइ केन्द्र ४ गरी गरि जम्मा ५७ शैक्षिक संस्थाहरु रहेको यस गाउँपालिकामा झण्डै तेह्र हजार वालवालिकाहरु अध्ययनरत रहेका छन्। सियारी गाउँपालिकालाइ उत्कृष्ट शैक्षिक हव बनाउने चाहनालाइ मुर्तरुप दिन गाउँ सभाले पारित गरेका शिक्षा नीतिका आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा सियारीको दश वर्षिय नयाँ शिक्षा योजना तर्जुमा गरि कार्यान्वयमा रहेको र आगामी आ.व.मा पुनरमूल्याकन समेत गरिनेछ। विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरु, विपत व्यवस्थापनसंगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाइ समेटेर तयार पारिएको योजनाका आधारमा गाउँपालिकाका समग्र शैक्षिक गतिविधिहरु अगाडी बढिरहेका छन्।सियारी गाउँपालिकाले पालिका भित्रका विद्यालयहरुको उचित व्यवस्थापन संचालन तथा नियमनका लागि संबैधानिक प्रावधान, नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, दिगो विकास लक्ष्य, स्थानिय सरकार संचालन ऐन २०७४ एवम विद्यालय शिक्षा क्षेत्र योजनाले देखाएको मार्गदर्शक सिध्दान्तका आधारमा शैक्षिक कार्यक्रमहरु तयगरि कार्यान्वयनमा ल्याइएकोछ।

विद्यालय उमेरका वालवालिकाहरुको विद्यालयमा पहुँच, शैक्षिक गुणस्तरमा सुधार तथा सिकाइ उपलब्धी सुधारका लागि सरकारी तथा गैह्रसरकारी निकायहरुसंग साझेदारी गरि विभिन्न शैक्षिक कृयाकलापहरु संचालन गरिरहेको अवस्था छ। यसै सन्दर्भमा सियारी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादित गतिविधिहरुलाइ समेटेर स्थिति प्रतिबेदन २०८१/८२ तयार पारिएको छ। प्रतिबेदन तयारी गर्नका लागि आवश्यक तथ्याङ्क लगायतका सामग्रीहरु सहित प्रतिबेदन तयारीमा खट्नुहुने शिक्षा शाखाका कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। प्रतिबेदनलाइ सकेसम्म सुचनामुलक तथा उपयोगी बनाउने प्रयासका बाबजुद कुनै विषय छुट हुन गएमा आगामी प्रतिबेदनमा समाबेश हुने समेत जानकारी गराउन चाहन्छौ।

२०८२/०४/१६

शिक्षा, युवा तथा खेलकुद शाखा
सियारी गाउँपालिका ,रुपन्देही।

| विषयसूची | पाना न |
|---|---|
| **परिच्छेद एक :स्थिति प्रतिवेदनको परिचय** | ७ |
| **1.1** पृष्ठभूमि | ७ |
| **1.2** स्थिति प्रतिवेदनको उद्देश्य | ७ |
| **1.3** स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | ७ |
| **1.4** स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेज आधारहरू | ७ |
| **परिच्छेद दुई :शैक्षिक अवस्था** | ८– १४ |
| **2.1** साक्षरताको स्थिति | ८ |
| **2.2** शिक्षण संस्थाहरूको संख्यात्मक विवरण | ८ |
| **2.3** सामुदायिम सिकाइ केन्द्र विवरण | ८ |
| **2.4** विद्यार्थी तुलनात्मक विवरण २०८१ र २०८२ | ९ |
| **2.5** विद्यालय शिक्षाका शैक्षिक सुचकहरु | १०-११ |
| **2.6** शिक्षण सिकाइ अनुदानमा नियुक्त भएका शिक्षकहरुको विवरण | १२-१३ |
| **2.7** शुन्य दरवन्दी भएक शिक्षण सिकाइ अनुदान नपुग आधारभुत तहका विद्यालयहरु | १३ |
| **2.8** स्थानीय तहको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था | १४ |
| **परिच्छेद तीन:कार्यक्रम कार्यान्वयनको वित्तीय प्रगति** | १५-२० |
| **3.1** नेपाल सरकार शसर्त तर्फको शिक्षाका कार्यक्रमको प्रगति अवस्था | १५ |
| **3.2** सियारी गाउँपालिकाको आन्तरिक खर्च तर्फ वजेट शिक्षाका कार्यक्रमको प्रगति अवस्था | १६ |
| **3.3** मुख्य समस्या तथा चुनौती | १९ |
| **3.4** कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय | २० |
| **परिच्छेद चार :उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण** | २१-२० |
| **4.1** शिक्षक दरवन्दी मिलानको प्रगति विवरण | २१ |
| **4.2** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा लागि प्रोत्साहन अनुदान र कक्षा १-३मा पढाइ तथा गणितका क्षेत्रका थप सिकाइ सामग्रीहरु छपाई गरि वितरण गरेको भरपाई | २६-२७ |
| **4.3** शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान कार्यान्वयनको अवस्था ( अनुदान प्राप्त विद्यालयले वजेटबाट सम्पादन गरेका कार्यहरुको संक्षिप्त विवरण समावेश गर्ने) | २७ |
| **4.4** विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरु | २८ |

| | |
|---|---|
| **4.5** स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | २८ |
| **4.6** विद्यालयमा विज्ञान प्रयोगशाला, **ICT Lab** पुस्तकालय तथा इन्टरनेट सुविधा अवस्था | २९ |
| | २९ |
| 4.7 विद्यालय सूपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति | ३० |
| **4.8** वाल विकास केन्द्रको अवस्था | ३० |
| | ३० |
| **4.9** विद्यालय सुधार योजना निर्माण सामाजिक परीक्षणको अवस्था | |
| **4.10** विपतका समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना **ReAL** कार्यान्वयन | ३१-३२ |
| ***4.11*** *शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मूल्यांकन शिक्षक मेन्टरिंग तथा विद्यालय* | |
| *क एकिकृत पाठ्यक्रम सम्वन्धि कष्टमाइज्ड तालिम* | ३३ |
| *ख बालवालिकाको अपांगताको प्रारम्भिक पहिचान* | ३३ |
| **4.12** शैक्षिक पहुँच सुनिश्चतता ,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ३४ |
| **4.13** विशेष शिक्षा कार्यक्रम कार्यान्वय अवस्था | ३४-३५ |
| | ३६-३७ |
| **4.14** दिवा खाजा कार्यक्रम कार्यान्वयन | ३८-४० |
| **4.15** गाउँपालिकास्तरी परीक्ष कक्षा ५,८ र एस.इ.इ. परीक्षा २०८१ | ४१-४३ |
| **4.16** सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट सम्पन्न भएका कार्यक्रमहरु | ४१ |
| **परिच्छेद पाँच :असल अभ्यास ,प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू** | ४१ |
| *5.1* अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम | |
| *5.2* असल अभ्यास तथा नवपर्वतनात्मक कार्यक्रमहरु | ४२-४२ |
| *5.3* समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू | ४२-४३ |
| *5.4* चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू | ४३ |
| *5.5* शिक्षा, युवा तथा खेलकूद शाखा मार्फत वनेका ऐन, कानून र कार्यविधिहरुको नाम | ४४-५३ |
| अनुसूची : **१. २०८१/८२ मा विद्यालयहरुमा निकासा भएको रकम निकासा विवरण** | ४४ |
| अनुसूची १ :**सियारी गाउँपालिका शिक्षा शाखावाट आव २०८१/८२मा निकासा भएको आन्तरिक पूँजीगत निकासा रकम विवरण** | ४७-४८ |
| **अनुसूची : सियारी गाउँपालिका शिक्षा शाखावाट आव २०८१/८२मा निकासा भएको नेपाल सरका शसर्त निकासा रकम विवरण** | ४९-५० |
| | ५१-५३ |
| **अनुसूची ३** :सियारी गाउँपालिका शिक्षा शाखावाट आव २०८१/८२मा निकासा भएको नेपाल सरका शसर्त निकासा रकम विवरण | ५४-६० |
| **अनुसूची ४ :***सियारी गाउँपालिका शिक्षा शाखावाट आव २०८१/८२मा निकासा भएको नेपाल सरका शसर्त निकासा रकम विवरण* | ६१-६७ |
| **अनुसूची ५:** *आ.व. २०८१/८२मा सियारी गाउँपालिका शिक्षा शाखाको त्रैमासिक समीक्षात्मक प्रतिवेदन* | |
| **अनुसूची ६ :** आ.व२०८१/८२मा कार्यक्रम सञ्चालनका फोटाहरु | |

# तालिकाहरूको सूची


| क्रस | तालिकाको विवरण | तालिका नम्वर | पेज नं | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षण संस्थाहरूको संख्यात्मक विवरण | १ | ८ | |
| २ | सामुदायिक सिकाइ केन्द्रको विवरण | २ | ८ | |
| ३ | विद्यार्थी तुलनात्मक विवरण २०८१ र २०८२ | ३ | ९ | |
| ४ | विद्यालय शिक्षाका शैक्षिक सूचक २०८१ | ४ | १० | |
| ५ | शिक्षण सिकाइ अनुदानमा नियुक्त शिक्षकहरुको विवरण र नपुग रकम | ५ | १२ | |
| ६ | कक्षा ६-८मा शुन्य दरवन्दी भएका तर शिक्षण सिकाइ अनुदान नपुगेका विद्यालयहरु | ६ | १३ | |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त विद्यालयहरुको विवरण | ७ | २६ | |
| ८ | दरवन्दी नभएका विद्यालयहरुको लागि एकमुष्ट अनुदान विवरण | ८ | २७ | |
| ९ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान विवरण | ९ | २८ | |
| ६ | विद्यालयमा विज्ञान प्रयोगशाला ,आइसिटी ल्याव पस्तकालय आदीको अवस्था | १० | २९ | |

## कार्यकारी सारांश

सियारी गाँउपालिकाको शैक्षिक विकासका लागि विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । सञ्चालित कार्यक्रमबाट अपेक्षित लक्ष्य प्राप्त हुन सक्यो सकेन भन्ने विषय वार्षिक कार्यक्रमको कार्यान्वयनको स्थितिबाट मूल्याङ्कन गर्नु पर्ने हुन्छ । आव २०८१/८२मा समग्र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन अवस्था लेखाजोखा गर्नु समग्र , सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको स्पष्ट चित्रण प्रस्तुत गरी सरोकारवालाहरुलाइ सूचना प्रवाह गर्नु र आगामी दिनहरुमा शिक्षामा थप पृष्ठपोषण प्राप्त गर्ने उध्देश्यले यो स्थिति प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्ष २०८१/८२मा यस गाउँपालिकामा नेपाल सरकार संघिय सरकार सशर्त तर्फका सवैका लागि शिक्षा शिक्षा आधारभूत र माध्यमिक शिक्षासँग सम्वन्धित कार्यक्रमहरु मुख्य रुपमा सञ्चालनमा रहे ।

त्यस्तै गरि सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट अध्यक्ष कप रनिंगशिल्ड फूटवल प्रतियोगिता , सियारी शैक्षिक महोत्सत तथा राष्ट्रपति रनिंगशील्ड प्रतियोगिता, स्थानी पाठ्यक्रमको आधारमा कक्षा १,२,३ ५र ८को पाठ्यपुस्तक लेखन , आधारभूत स्काउट तालिम आदि कार्यक्रमहरु सञ्चालनमा रहे । सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट शिक्षा,युवा तथा खेलकूद शाखाको लागि रु २ करोड ६१लाख २४ हजार रुपैया विनियोजन भएकोमा २ करोड २८लाख ३२ हजार खर्च भइ ८७% वित्तिय प्रगति भएको छ भने नेपाल सरकारको शसर्त तर्फ रु १९४६,७३००० /-उन्नाइस करोड छयालीस लाख त्रिहत्तर हजार रुपैया विनियोजन भै आएकोमा रु १७५२,५९०००/- सत्र करोड वाउन्न लाख उन्साठी हजार रुपैया खर्च भै ९० प्रतिशत प्रगति भएको अवस्था रहेकोछ । यो प्रगति सन्तोषजनक नै रहेको छ ।

यस स्थिति प्रवितवेदनलाई पाँच परिच्छेदमा समेटने प्रयास गरिएको छ । यस प्रतिवेदनमा पहिलो परिच्छेदमा स्थीति प्रतिवेदनको परिचय, दोस्रोमा परिच्छेदमा शैक्षिक अवस्था, तेस्रो परिच्छेदमा कार्यक्रम कार्यान्वयनको वित्तीय प्रगति,चौथो परिच्छेदमा उपलव्धि तथा कार्यक्रम विस्तृतिकरणर, पाँचौ परिच्छेदमा असल अभ्यास ,प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू समेटिएको छ । चार वटा अनुसूचीमा विद्यालयमा निकासा भएका अनुदान रकमलाइ समेटिएको छ भने पाँचौं अनुसूचीमा शिक्षा, युवा तथा खेलकूद शाखाको समीक्षात्मक प्रतिवेशन समेत समावेश गरिएको छ । शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नुभन्दा पहिला खेलकुद विकास समिति ,परीक्षा समिति, सियारी शिक्षा समिति र कार्यापालिका वैठक भएका निर्णयको आधारमा कार्यान्वयन चरणमा लगिने गरिएको छ भने संघिय र प्रदेश सरकारवाट भएका निर्देशनहरुलाइ तत्काल कार्यान्वय गरी यस पालिकाले शैक्षिक कार्यक्रमहरुलाई कार्यान्वयन गर्दा अझ बढी पारदर्शी बनाउन प्रधानाध्यापक वैठक मासिक रुपमा वस्ने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरुलाई कार्यक्रम प्रबोधीकरण गर्ने कार्य गरिएको छ । यस स्थिति प्रतिवेदनमा उल्लेख गरिएका चुनौती तथा समस्याहरुलाई सम्बन्धित सवै तह र तप्कावाट पालना हुन सकेमा आगामी दिनमा कार्यक्रमलाई अझ सशक्त एवम् प्रभावकारी रुपबाट सञ्चालन गर्न सकिने विश्वास लिइएको छ ।

## परिच्छेद एक: स्थीति प्रतिवेदनको परिचय

१.१ पृष्ठभूमी

समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक,व्यवसायिक, सिपमूलक र रोजगारमुलक बनाउदै समाजबाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार पार्दै गुणस्तरिय शिक्षाको सुनिश्चिततामा हाम्रा प्रयासहरु केन्द्रित हुदै आएका छन् । लुम्विनी प्रदेश अन्तरगत रुपन्देही जिल्लाका १६ स्थानीय निकायहरु मध्ये सियारी गाउँपालिका साक्षरता वृध्दिदरको हिसावले ८औं स्थानमा र जनसंख्या वृध्दिदरको हिसावले १२ औं र न्यून जनसंख्या वृध्दिदरको हिसावले ५ औं स्थानमा रहेको पालिका हो । साविकको चिल्हिया गाउँ विकास समिति, मैनहिया गाँउ विकास समिति, हर्नैया गाँउ विकास समिति, दयानगर गाँउ विकास समिति र पश्चिभ अमवा गाँउ विकास समितिलाई समावेश गरि ७वटा वडाको सियारी गाउँपालिका निर्माण गरिएको हो । रुपन्देही जिल्लाको मध्येभागमा अवस्थित भएर वग्ने सियारी नदीको नामवाट नामाकरण गरिएको हो । पूर्वमा तिनाउ नदी र ओमसतिया गाउपालिका ,पश्चिममा दानव नदी र गैडहवा गाउँपालिका,उत्तरमा शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिका र दक्षिणमा मायादेवी गाउँपालिकाको सिमाना रहेकोछ । यो क्षेत्रमा उष्ण प्रदेशिय हावापानी पाइन्छ ।

शैक्षिक कार्क्रमहरुको व्यवस्थापन र शुशासन प्रवर्धन गर्ने क्रममा कार्यक्रम कार्यान्वयनको चरणमा देखिएका समस्या र चुनौतिहरु, सिकिएका पाठहरुको आधारमा सरोकारहरुलाई सूसुचित गर्ने उद्धेश्यले समग्र सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको चित्रण गर्न र शिक्षा तथा मानवस्रोत केन्द्रवाट जारी भएको २०८१/८२को कार्यक्रम कार्यान्वयन कार्यविधिले निर्देश गरे अनुसार यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरिएको हो ।

### १.२ स्थिति प्रतिवेदनको उद्देश्य

यो प्रतिवेदन तयार गर्नुको उध्देश्य यस प्रकार रहेको छ

- 1.2.1 आ.व.२०८१/८२को समग्र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन अवस्था लेखाजोखा गर्नु ।
- 1.2.2 समग्र सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको स्पष्ट चित्रण प्रस्तुत गर्नु ।
- 1.2.3 प्रगतिको विस्तृतीकरण तालुक निकायमा सम्प्रेषण गर्नु ।
- 1.2.4 आगामी दिनहरुमा शिक्षामा अझ सुधारका लागि पृष्ठपोषण प्राप्त गर्नु ।

### १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

यो प्रतिवेदन तयार गर्दा निम्न दस्तावेजहरुलाई आधारमानी निर्माण प्रकृया अगाडी वढाइएको छ ।

- **1.3.1** आबश्यक दस्ताबेज संकलन तथा विश्लेषण ।
- **1.3.2** शाखागत प्रगति समीक्षा र छलफल ।

### १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू

- **1.4.1** सियारी गाउँपालिकाको दशवर्षे रणनैतिक शैक्षिक योजना ।
- **1.4.2** आर्थिक सर्वेक्षण २०८१/८२, सियारी गाउँपालिका ।
- **1.4.3** स्थीति प्रतिवेदन २०८०/८१ ।
- **1.4.4** गाउँ शिक्षा समितिको बैठकमा भएका निर्णयहरु ।
- **1.4.5** वार्षिक कार्यकमको समीक्षात्मक प्रतिवेदनहरु ।
- **1.4.6** **IEMIS** २०८०, २०८१ ,२०८२
- **1.4.7** सामजिक परीक्षण प्रतिवेदन आदि ।

## परिच्छेद दुई : शैक्षिक अवस्था

### २.१ साक्षरताको स्थिति

२०७८ को जनगणना अनुसार महिला २२०२२, पुरुष २२९६३ गरी जम्मा ४४९८५ जनसंख्या रहेको छ । यो गाउँपालिकामा परिवार संख्या ९०१९ रहेकोछ। यो गाउँपालिकामा समग्रमा साक्षरता प्रतिशत करीव ७९ प्रतिशत रहेकोछ । २०७८ को जनगणना अनुसार रुपन्देही जिल्लाको जनसंख्या १,१२१,९५७ रहेकोमा सियारी गाउँपालिकाको जनसंख्या ४४,९८५ जुन रुपन्देहीको जनसंख्याको ४ प्रतिशत हुन आउछ भने रुपन्देहीको जिल्लाको क्षेत्रफल १३६० वर्गकिमि भौगोलिक हिसावले ४.८ प्रतिशत रहेको छ । २०८१ सालको एस.इ.इ. परीक्षामा सियारी गाउँपालिकास्तरमा सामुदायिक विद्यालय तर्फ ५०.३ प्रतिशत, संस्थागत विद्यालयको ८४ र दुवैको गरि ६० प्रतिशत नतिजा प्राप्त गरेको अस्थामा छ । शैक्षिक संस्थाहरुको सङ्ख्यात्मक हिसावले पनि रुपन्देही जिल्लासँग तुलना गर्दा यसको स्थान करिव ५ प्रतिशत हुन आउँछ । यस गाउँपालिकामा सामुदायिक विद्यालयहरु २५, संस्थागत विद्यालय १३, मदरसा विद्यालय ४ र सामुदायिक कलेज १ रहेको । त्यस्तै गरि दृष्टिविहिन वालवालिकाहरुको पठन पाठनको लागि सुविधा सम्पन्न भवनमा विशेष शिक्षा स्रोतकक्षा (दृष्टिविहिन )१ विद्यालय रहेको छ भने नमूना विद्यालय १ रहेकोछ। रुपन्देही जिल्ला सुगम भएर शैक्षिक हिसावले सियारी गाउँपालिका दुर्गम जस्तो छ। सियारीका शैक्षिक विवरण यस प्रकार रहेको छ।

२.१.१ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण **तालिका नं १**

| क्रस | तह | सामुदायिक | सङ्स्थागत | मदरसा | जम्मा |
|---|---|---|---|---|---|
| १ | सामुदायमा रहेका वालविकास केन्द्र | ११ | ० | ० | ११ |
| २ | आधारभूत कक्षा ( १–५) | ७ | | ३ | १० |
| ३ | आधारभूत कक्षा ( १–८) | ८ | ५ | | १३ |
| ४ | माध्यमिक( १–१०) | ५ | ७ | | १२ |
| ५ | माध्यमिक( १–१२) | ५ | १ | | ६ |
| ६ | सामुदायिक सिकाइ केन्द्र | ४ | | | ४ |
| ७ | सामुदायिक कलेज | १ | | | १ |
| **जम्मा** | | ४१ | १३ | ३ | ५७ |

२.१.२ सामुदायिक सिकाइ केन्द्रको विवरण **तालिका नं २**

| क्र.स | ID Number | सामुदायिक सिकाइकेन्द्रको नाम | अध्यक्षको नाम | परिचालकको नाम | परिचालकको सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४९०१४०१ | दयानगर सा. सि.के | गायत्री न्यौपाने | दुर्गा तिवारी | 9863259350 | |
| २ | ४९०१४०२ | गौतमबुध्द सासि के | प्रेम नारायण चौधरी | सुशिला मुराव | 9812924612 | |
| ३ | ४९०१४०३ | सगरमाथा सा.सि.के. | प्रेम बहादुर वि.क | यमकुमारी सुनार | 9811478233 | |
| ४ | ४९०१४०४ | चिल्हिया सा.सि. के. | सुधा कुँवर | पुनम सुनार | ९८०७५१३४०५ | |

| २.१.३ विद्यार्थी तुलनात्मक विवरण शैक्षिक सत्र २०८१ र २०८२ : **तालिका नं ३** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | मदरसामा केन्द्रित | | सामुदायिक विद्यालय केन्द्रित | | संस्थागत विद्यालय केन्द्रित | | जम्मा | |
| | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ |
| पूर्वप्राथमिक | **९४** | **109** | **१०८०** | **1059** | **८३०** | **1017** | **२००४** | २१८५ |
| १ | ७० | 79 | ८११ | 832 | ८२७ | 705 | 1708 | |
| २ | ४६ | 56 | ५९३ | 582 | ३३३ | 431 | 972 | |
| ३ | ६४ | 58 | ७०७ | 468 | ३६१ | 303 | 1132 | |
| ४ | २८ | 28 | ६९५ | 640 | ४२५ | 321 | 1148 | |
| ५ | २० | 20 | ८२४ | 713 | ४०५ | 385 | 1249 | |
| जम्मा (१-५) | **228** | **241** | **3630** | **3235** | **2351** | **2145** | **६२०९** | ५६२१ |
| ६ | | | ६०९ | 592 | ३११ | 363 | 920 | |
| ७ | | | ५७३ | 591 | २८७ | 283 | 860 | |
| ८ | | | ७७२ | 716 | २२६ | 275 | 998 | |
| जम्मा (६- ८) | | | **१९५४** | **1899** | **824** | **921** | **2778** | २८२० |
| ९ | | | ६३५ | 635 | 196 | 192 | 831 | |
| १० | | | ५८४ | 593 | 202 | 165 | 786 | |
| जम्मा कक्षा (९- १०) | | | **१२१९** | **1228** | **398** | **357** | **1617** | १५८५ |
| ११ | | | २८९ | 333 | 0 | | 289 | |
| १२ | | | २५८ | 432 | 0 | | 258 | |
| जम्मा (११ -१२) | | | **५४७** | **765** | | | **547** | ७६५ |
| सवैको जम्मा | 322 | 350 | 8430 | 8186 | 4403 | 4440 | १३१५५ | १२९७६ |

| २.१.४ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु २०८१ : तालिका नं ४ | | | | | |
|---|---|---|---|---|---|
| **विद्यालय शिक्षाका शैक्षिक सूचकहरु** | **एकाइ** | **२०७८** | **२०७९** | **२०८०** | **२०८१** |
| **सूचकहरु** | | | | | |
| **प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर** | % | 80.6 | 93 | 97.5 | 106.8 |
| **प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका** | % | 52.9 | 55 | 69.3 | 77.3 |
| **कक्षा १ मा खुद प्रवेश दर** NER | % | 96.7 | 97.3 | 95.8 | 93.6 |
| **कक्षा १ मा कुल प्रवेश दर** GER | % | 117.2 | 138 | 123.6 | 177.6 |
| **आधारभुत तह १ मा खुद भर्ना दर ५**-NER | % | 97.7 | 97.5 | 95.7 | 93.9 |
| **आधारभुत तह १ भर्ना दर मा कुल ५**-GER | % | 131.1 | 146 | 146.3 | 148.8 |
| **आधारभुत तह कक्षा ५ को खुद प्रबेश दर** | % | 98.1 | 97.5 | | 93.9 |
| **आधारभुत तह कक्षा ५ सम्म टिकाउ दर** | % | 87.6 | 88 | | 89.18 |
| **आधारभुत तह कक्षा ५ पुरा गर्ने दर** | % | | | | |
| **आधारभुत तह १बर्ष उमेरभन्दा ९-मा भर्ना भएका ५ ५-माथिका बालबालिका** | % | 31.1 | 31 | | |
| आधारभुत तह १-५ मा कूल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | % | 1.05 | 1 | | 0.9 |
| **आधारभुत तह १ मा खुद भर् ८**-NER | % | 91.5 | 94.2 | 94.7 | 94 |
| **आधारभुत तह १ मा कुल भर्ना दर ८**-GER | % | 121.6 | 114 | 135.1 | 135.8 |
| **आधारभुत तह कक्षा ८ सम्मको टिकाउ दर** | % | 82.9 | 83 | 96.7 | 87 |
| **कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर** | % | | | 84.01 | |
| **आधारभुत तह कक्षा ८ पुरा गर्ने दर** | % | 80.1 | 80 | | |
| **आधारभुत तह १--८मा कूल भर्नादरमा लैङ्गिक समता सूचाङ्क** | | 1.03 | 1.1 | | |
| सामुदायिक विद्यालयबाट कक्षा १० को परिक्षामा १६. वा सो भन्दाउच्च जि पि ए मूलप्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत | | | | 52.8 | 59.3 |
| कक्षा ५ सिकाइ उपलब्धि सामुदायिक विद्यालय | | | | | |
| नेपाली | | 43 | 37 | 2.3 जिपिए | 2.6 |
| गणित | | 28 | 34 | 2 जिपिए | 2.4 |
| अङ्ग्रेजी | | 54 | 37 | 2.1 जिपिए | 2.3 |

| | | | | | |
|---|---|---|---|---|---|
| विज्ञान | | 31 | 37 | 2.1 जिपिए | 2.4 |
| सामाजिक | | | 35 | 1.5**जिपिए** | 2.4 |
| कक्षा ८ सिकाइ उपलब्धि सामुदायिक विद्यालय | | | | | |
| नेपाली | | 42 | 52 | 2.1 **जिपिए** | 2.2 |
| गणित | | 28 | 31 | 2.1 **जिपिए** | 2.3 |
| अङ्ग्रेजी | | 46 | 52 | 2.1 **जिपिए** | 2.3 |
| विज्ञान | | 30 | 51 | 2.3 **जिपिए** | 2.3 |
| सामाजिक | | | 52 | 2.3 **जिपिए** | 2.2 |
| **विद्यालय बाहिर रहेको बालबालिका आधारभूत तह कक्षा** 1-5 | % | 2.3 | 2 | **२.५** | **३.०** |
| **विद्यालय बाहिर रहेको बालबालिका आधारभूत तह कक्षा** 1-8 | % | 8.5 | 8 | **7.5** | **7.3०** |
| **माध्यमिक तह खुद भर्ना दर कक्षा ९-१२** | % | 50.8 | 55.3 | 51.2 | 51.6 |
| **माध्यमिक तह कूल भर्ना दर कक्षा कक्षा** 9-12 | % | 86.8 | 81.5 | 74..5 | 70.9 |
| **माध्यमिक तहमा लैङ्गिक समता सुचक** 9-12 | % | 1.19 | 1 | **१** | 1 |
| **आधारभुत तहबाट मावि तहमा ट्रान्जिसन दर** | % | 91.3 | 91 | **८७** | **८७** |
| **कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर** | % | 51.3 | 51 | **६४** | **६४.२** |
| **माध्यमिक तहमा कार्यरत कक्षा ९-१० मा कार्यरत महिला शिक्षक** | % | 18.4 | 18 | **२०** | **२२** |
| **साक्षरता दर १५ बर्षभन्दा माथिको** | % | 69 | 79 | 80 | |
| **साक्षरता दर ६ बर्ष माथिको** | % | 75 | 78 | 78.8 | 78.8 |
| **साक्षरता दर १५ देखि २४ वर्ष** | % | 78 | | 82 | 82 |
| **बालविकास कक्षामा विद्यार्थी शिक्षक अनुपात सामुदायिक विद्यालय** | **अनुपात** | 24-1 | 24-1 | 21-1 | 28-1 |
| **कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात** | **अनुपात** | 31-1 | 33-1 | 30.5-1 | 30-1 |
| **कक्षा ६-८मा विद्यार्थी शिक्षक अनुपात** | **अनुपात** | 91-1 | 90-1 | 60-1 | 60-1 |
| **कक्ष १-८ मा विद्यार्थी शिक्षक अनुपात** | **अनुपात** | 41-1 | 41-1 | 37-1 | 36.-1 |
| **कक्षा ९- १० मा विद्यार्थी शिक्षक अनुपात** | **अनुपात** | 68-1 | 60-1 | 40.5-1 | 40-1 |
| **कक्षा ९-१२ मा विद्यार्थी शिक्षक अनुपात** | **अनुपात** | 61-1 | 61-1 | **५४-१** | 80-1 |

## २.२ शिक्षण सिकाइ अनुदानमा नियुक्त भएका शिक्षकहरुको विवरण र नपुग रकम

आ.व. २०८१/८२ मा आधारभूत तह शिक्षण सिकाइ अनुदान गणित, विज्ञान र अंग्रेजी विषयको लागि रु ५५३८०००/ (पचपन्न लाख अठतिस हजार रुपैया) वजेट निकासा भै आएकोमा ४५४१०००/- पैतालिस लाख ४१हजार प्रतिशत खर्च भै ८२ प्रतीशत प्रगति भएको अवस्था हो भने र माध्यमिक तह तर्फको शिक्षण सिकाइ अनुदान रु ९८२५०००/ ( उन्ठानव्वे लाख पच्चिस हजार रुपैया) वजेट निकासा भइ आएकोमा ७००४०००/- सत्तरी लाख चार हजार रुपैय खर्च भै ७१ सतप्रतिशत रकम खर्च भएको अवस्था रहेको छ। नियुक्ति प्रकृयामा केही विलम्व भएको कारण अनुदान रकम पुरै खर्च हुन नसकेको अवस्था हो। आधारभूत तह र माध्यमिक तहमा नियुक्त भएको शिक्षकको नाम तह विषय विद्यालयको नाम र नियुक्ति मिति यसै तालिका नं ५ मा उल्लेख गरिएको छ ।

**तालिका न. ५**

| क्रस | अनुदान शिक्षकको नाम थर | तह | विषय | विद्यालय | नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १ | वीरेन्द्र गुप्ता | आधारभूत | विज्ञान | छपिया आ.वि. | २०८०/०५/१८ |
| २ | ज्योती थारु | आधारभूत | अंग्रेजी | जंगहत्था मावि | २०८१/१०/१३ |
| ३ | जानकी चौधरी | आधारभूत | अङ्गेजी | जनज्योती आवि | २०७५/०६/२२ |
| ४ | कृष्णगोपाल कंडेल | आधारभूत | अङ्गेजी | दुर्गादेवी मावि | २०८०/१२/१८ |
| ५ | जितेन्द्र थारु | आधारभूत | अङ्गेजी | कोटही आवि | २०७५/०६/०१ |
| ६ | सन्दिष यादव | आधारभूत | अङ्गेजी | त्रिवेणी आवि | २०८०/०३/१० |
| ७ | अनुशा जिसि | आधारभूत | विज्ञान | विवेकशिल आवि | २०८१।०२।०४ |
| ८ | सपना थापा | आधारभूत | विज्ञान | दुर्गादेवी मावि | २०८०/१२/१८ |
| ९ | राधिका सुबेदी | आधारभूत | अंग्रेजी | सरस्वती आवि | २०७५/०६/२५ |
| १० | रमेश लोध | आधारभूत | गणित | जनज्योती आवि | २०८२/०२/१२ |
| ११ | लालमन यादव अहिर | आधारभूत | गणित | जनता आवि | २०८१/०६/११ |
| १२ | धनिराम गुप्ता तेली | आधारभूत | विज्ञान | ज्ञानोदय आवि | २०८१/१२/११ |
| १३ | गिर वहादुर के.सी. | आधारभूत | विज्ञान | जनता आवि | 2081/08/09 |
| | माध्यमिक तह तर्फ | | | | |
| १ | मनोज कुमार चौधरी | माध्यमिक | विज्ञान | समयमाइ मावि | २०८१/०१/१८ |
| २ | अनिता चौधरी | माध्यमिक | गणित | सिध्दार्थ मावि | २०८१/०२/२३ |
| ३ | राम प्रसाद थारु | माध्यमिक | गणित | गणसारी मावि | २०८१/०२/०४ |
| ४ | किशोरीलाल गुप्ता | माध्यमिक | विज्ञान | गणसारी मावि | २०८०/०१/१४ |
| ५ | वीरेन्द्र कुमार भर | माध्यमिक | अंग्रेजी | गणसारी मावि | २०८२/०२/१३ |
| ६ | गंगा सागर मिश्र | माध्यमिक | गणित | विरेन्द्र मावि | २०८०।०१।०३ |
| ७ | कङ्ग्रेश धवल | माध्यमिक | अङ्गेजी | जंगहत्था मावि | २०८०/०१/१७ |
| ८ | सपना अर्याल | माध्यमिक | विज्ञान | जंगहत्था मावि | २०८१/०८/०९ |
| ९ | रामजीप्रसाद घिमिरे | माध्यमिक | गणित | जंगहत्था मावि | 2081.12.17 |
| १० | कृष्णप्रसाद थारु | माध्यमिक | गणित | समयमाई मावि | २०८१/०६/१८ |
| ११ | नुमाकान्त पाण्डे | माध्यमिक | विज्ञान | सिध्दार्थ मावि | २०८०/०१/०७ |
| १२ | रामवेलास जैसवाल | माध्यमिक | अङ्गेजी | समयमाइ मावि | २०८१/०२/.०८ |
| १३ | उर्मिला भट्टराइ | माध्यमिक | विज्ञान | दुर्गादेवी मावि | 2081.06.13 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | अमित गोडिया | माध्यमिक | गणित | दुर्गादेवी मावि | 2081.12.10 |
| १५ | भीम कुँवर | माध्यमिक | अंग्रेजी | दुर्गादेवी मावि | २०६१/०६/१३ |

यसरी हेर्दा आधारभूत तह तर्फ शिक्षक नियुक्तीको विलम्वको कारण एक तर्फ भएको रकम फ्रिज भएकोछ भने अर्कोतर्फ आधारभूत तहमा नियुक्त भएको १३जना शिक्षकको लागि यस आ.व. २०८२/८३मा ४६१५०००/ विनियोजन भै आएकोमा १३जनाको पारिश्रमिक हिसाव गर्दा 13*34730*13=5869370 /-र पोशाक भत्ताको रु **10000*13=130000**/ गर्दा जम्मा ५९९९३७० उन्साठी लाख उनानसय हजार तीन सय सत्तरी हुन आँउछ। यसरी यस आ.व.२०८२/८३ मा रु१३८४३७० नपुग देखिन्छ। माध्यमिक तहमा भने रकम ठिक्क पुग्ने देखिन्छ।

१५जना *१३महिना *४३६८९=८५१८३५५/ र पोशाक भत्ता १५००००/ गर्दा ८६६९३५५/- हुन आँउछ। विनियोजन भै आएको रकम रु ८६७००००/- रहेको छ। केवल रु६४५ वढी देखिन्छ।

**२.३ आधारभूत तह कक्षा ६-८ मा शुन्य दरवन्दी** : आधारभूत तह कक्षा ६-८मा शुन्य दरवन्दी भएका निम्न विद्यालयहरुमा शिक्षण सिकाई अनुदान कोटा नपुग भएको हुदाँ विवरण यसै साथ संलग्न गरिएकोछ। **तालिका नं. ६**

| क्र | आइडि नम्वर | आधारभूत तहमा शुन्य दरवन्दी वा शुन्य राहत भएको विद्यालयको नाम | आधारभूत तह कक्षा( ६- ८) | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थायी दरवन्दी | राहत | शिक्षण सिकाइ अनुदान कोटा | नपुग |
| १ | 490180004 | छपिया आ.वि | | ० | १ | २ |
| २ | 490280002 | जनज्योति आ.वि | ० | ० | १ | २ |
| ३ | 490170002 | जनता आ.वि. | ० | ० | ० | १ |
| ४ | 490280003 | ज्ञानोदय आ.वि. | ० | ० | ० | १ |
| ५ | 490410003 | कोटही आवि | ० | ० | १ | २ |
| ७ | 490030010 | विवेकशिल आवि | ० | ० | १ | २ |
| ८ | 490280006 | सरस्वती आ.वि | ० | ० | १ | २ |
| ९ | 490280001 | जंगहत्था मा.वि | ० | ० | १ | २ |
| १० | 490410004 | गणसारी मा.वि | ० | ० | ० | ३ |
| ११ | 490030004 | दुर्गादेवी मा.वि | ० | ० | २ | १ |
| | **जम्मा नपुग** | | | | | १८ |

### २.४ स्थानीय तहको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

नेपालको संविधानले व्यवस्था गरे अनुरुप तीन तहका सरकार गठन भई कार्य सञ्चालन प्रारम्भ भईसकेको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुरुपका शिक्षाका कार्यहरु सञ्चालन गर्नका लागि स्थानीय तहको आकार र भौगोलिक तथा जनसांख्यिक स्वरूप, विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या समेतका आधारमा सिर्जना हुने कार्यबोझ र सेवा प्रवाहको सुगमता समेतलाई दृष्टिगत गरी स्थानीय तहमा शिक्षाको संरचना तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ । मूलतः शिक्षक कुन तहको सरकारको जनशक्ति हुने र त्यसको व्यवस्थापन कसले गर्ने भन्ने कुराले शैक्षिक निकायका धेरै कार्य र संरचना निर्धारण गर्दछ । चाहे संरचना संघ, प्रदेश वा स्थानीयको होस्, त्यो कार्यमूलक र जिम्मेवारीयुक्त हुनु पर्दछ । संघ देखि स्थानीय तहसम्म समान प्रकृतिका संरचना समान कार्यका लागि खडा गर्नुभन्दा कुनै एक तहमा जहाँबाट वास्ताविक सेवा प्रवाह हुने हो, त्यही तहको संरचनालाई सहकार्यात्मक समन्वयको आधारमा अर्को तहको समान प्रकृतिको कार्य जिम्मेबारी प्रदान गर्नु उपयुक्त हुन्छ । नेपालको संविधान प्रदत्त अधिकार र क्षेत्रगत कार्यव्यवस्थापनलाई स्थानीय सरकारमातहत व्यवस्थापन गर्ने गरी स्थानीय सरकार ऐन २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षा क्षेत्रमा स्थानीय तहको २३ वटा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ सङ्घिय स्वरूपमा तीन तहमा प्रवाह गने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठानात्मक स्वरूपमा केही परिवर्न गरी व्यवस्थापन गरिएको छ ।

कतिपय स्थानीय सरकार सांगठनिक रुपमा पुनरसंरचनाको समयमा भएका र रिक्त पदपूर्ति गरी जनशाक्ति व्यवस्थापनवाट सेवा प्रवाहमा प्रभावकारिता ल्याइ रहेको अवस्था छ । माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत भएको सन्दर्भमा केन्द्र देखि स्थानीय तहसम्म शिक्षाको समग्र व्यवस्थापनको पुनर्संरचना आवश्यक देखिएको छ । गाउँपालिका मात्र शिक्षाको उपस्थिति मात्र देखिन्छ तर यो उपस्थिति वडातहमा छैन केवल विद्यालयहरुमात्र छन् । भौगोलिकता ,जनसङ्ख्या ,विद्यालय शिक्षक र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षा शाखाको जनशक्तीको पुनरसंरचना गरिनु पर्दछ । शिक्षा शाखाको २ जना जनशक्तिको मातहतमा ४२२ जना शिक्षक , ५७ शैक्षिक संस्थाहरु र १२९७६ वालवालिकाहरु रहेका छन् । यो कामको हिसावले निकै वोझिले रहेको छ । नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा स्थानीय निकायलाइ जिम्मेवारी हस्तान्तरण गरे पनि शिक्षासँग सम्वन्धित सवै कार्यहरु शाखाको २ जनशक्तिले नै गर्ने हो । सिमित स्रोत साधनका वावजुत सवै भन्दा छिटो र सहज रुपमा सेवा दिन प्रतिवध्द रहेका छौं ।

# परिच्छेद तीन : कार्यक्रमको वित्तीय प्रगति

## ३.१ नेपाल सरकार शसर्त तर्फको शिक्षाका कार्यक्रमहरुको प्रगति आवस्था

| क्रस | कार्यक्रम शिर्षक | क्रियाकलाप नं | बार्षिक विनियोजन | प्रथम त्रैमासिकको वित्तिय प्रगति | प्रथम त्रैमासिकको वित्तिय प्रगति प्रतिशत | दोस्रो त्रैमासिकको वित्तिय प्रगति | दोस्रो त्रैमासिक सम्मको वित्तीय प्रगती | दोस्रो त्रैमासिक सम्मको वित्तीय प्रगती प्रतिशत | तेस्रो त्रैमासिकको वित्तिय प्रगति | तेस्रो त्रैमासिकसम्मको वित्तीय प्रगती | तेस्रो त्रैमासिक सम्मको वित्तीय प्रगती प्रतिशत | चौथो त्रैमासिकको वित्तिय प्रगति | चौथो त्रैमासिक सम्मको वित्तीय प्रगती | चौथो त्रैमासिक सम्मको वित्तीय प्रगती प्रतिशत | आ.व को जम्मा वित्तिय प्रगती | आ.व को जम्मा वित्तिय प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक तथा कर्मचारी समेत | १.१.३.३ | ८६२२२ | २३३७६।३ | २७ | १७२०१।१ | ४०५७७४ | ४७ | १८३४९।२ | ५८९२६।६ | ६८ | २००९५ | ७९०२२ | ९२ | ७९०२२ | ९२ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलब भत्ता अनुदान | १.१.३.४ | २२१२९ | ६२१९।९५६ | २८ | ४९४५।००४ | १११६४।९६ | ५० | ५२५५।००४ | १६४१९।९६ | ७४ | ४८२४ | २१२४४ | ९६ | २१२४४ | ९६ |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १.१.४.१ | १२४०५ | ३३६६ | २७ | २४८५।५ | ५८५१।५ | ४७ | ३३२४।७ | ९१७६।२ | ७४ | २६०१ | ११७७७ | ९५ | ११७७७ | ९५ |
| ४ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय विषेश विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक शत्र २०७९ बाट कक्षा ९ सन्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान कक्षा ११ १२ मा विज्ञान विषय सन्चालनका लागि समेत) | ११.१.२.२९८० | १०००० | | ० | ५००० | ५००० | ५० | | ५००० | ५० | ५००० | १०००० | १०० | १०००० | १०० |
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान स्थानीय विषय मातृभाषाको समेत | २.४.६.२ | ६३५६ | | ० | | ० | ० | ३४५६।७ | ३४५६।७ | ५४ | १६५१ | ५१०७ | ८० | ५१०७ | ८० |
| ६ | विद्यालय सञ्चालन व्यबस्थापन अनुदान | २.७.१३.१० | १८७५ | १३६८।५ | ७३ | २२६।५ | १५९५ | ८५ | ५६।५ | १६५१।५ | ८८ | ७१ | १७२२ | ९२ | १७२२ | ९२ |
| ७ | शैक्षिक पहुँच सुनिश्चतता अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम - परंपरागत विद्यालय वैकल्पिक | २.७.१३.११ | २३०० | ४२४।७५ | १८ | ४८९।९ | ९१४।६५ | ४० | ३१४।४ | १२२९।०५ | ५३ | १०११ | २२४० | ९७ | २२४० | ९७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय साक्षरता र निरन्तर शिक्षाका कायर्क्रम समेत | | | | | | | | | | | | | | | |
| ८ | विद्यालयमा शैक्षक गुणस्तर सुदृढीकरण तथा विद्यालयलाइ कार्य सम्पादनमा आधारित प्रोत्साहनमा अनुदान | २.७.१३.१३ | ६८७५ | २७०८ | ४ | २४५३१ | २७२३१९ | ४० | ९०७६ | ३६३१५ | ५३ | ३२४२ | ६८७४ | १०० | ६८७४ | १०० |
| ९ | प्रति विद्यार्थी लागत शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २.७.१३.७० | २३५६ | | ० | | ० | ० | १९८९१७ | १९८९१७ | ८४ | ८३ | २०७३ | ८८ | २०७३ | ८८ |
| १० | सार्वजनिक विद्यालयका अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ती - आवासीय तथा गैरआवासीय छात्रबृत्ती | ७.२.१.१ | २०११ | | ० | | ० | ० | १३२१२ | १३२१२ | ६६ | १९ | १३४० | ६७ | १३४० | ६७ |
| ११ | तोकिएका बिद्यार्थीका लागी दिवा खाजा का लागि विद्यालयलाइ अनुदान | २.७.११.१ | १४७७४ | २७६३६ | १९ | २८१०३ | ५५७३८ | ३८ | ३५१२७ | ९०८६६ | ६२ | २३५८ | ११४४४ | ७७ | ११४४४ | ७७ |
| १२ | सामुदायिक बिद्यालयका छात्राहरुलाइ निशुल्क सेनिटरी प्याड ब्याबस्थापन | २.७.१३.२३ | २१८५ | | ० | | ० | ० | | ० | ० | १३८४ | १३८४ | ६३ | १३८४ | ६३ |
| १३ | शैक्षिक सुशासनका लागिसंस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण | २.७.१३.३०२ | १३३७ | | ० | ५९१६३ | ५९१६३ | ४४ | | ५९१६३ | ४४ | ६१७ | १२०९ | ९० | १२०९ | ९० |
| १४ | माध्यमिक तह कक्षा ९ र १०मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २.७.१३.४० | ९८२५ | १५२९१ | १६ | १७१९१९ | ३२४९ | ३३ | १९११२ | ५१६०१३ | ५३ | १८४४ | ७००४ | ७१ | ७००४ | ७१ |
| १५ | आधारभूत तहमा कक्षा ६ -८ मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २.७.१३.४१ | ५५३८ | १२२३१४ | २२ | ९७४१९९ | २१९८१३ | ४० | ११२२१५ | ३३२०१९ | ६० | १२२० | ४५४१ | ८२ | ४५४१ | ८२ |
| १६ | विपतको समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना Real कार्यान्वयन | २.७.१३.३०४ | ४०० | | ० | ४०० | ४०० | १०० | | ४०० | १०० | ० | ४०० | १०० | ४०० | १०० |
| १७ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा ६-१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रबृती | २.७.१३.३०५ | ११८५ | | ० | | ० | ० | | ० | ० | ९७८ | ९७८ | ८३ | ९७८ | ८३ |
| १८ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | २.७.८.३९४ | १४०० | | ० | | ० | ० | १४०० | १४०० | १०० | ० | १४०० | १०० | १४०० | १०० |
| १९ | स्थानियको साझेदारिमा विद्यालय भवन निर्माण अनुदान | ११.१.२.२९८६ | ५५०० | | ० | | ० | ० | | ० | ० | ५५०० | ५५०० | १०० | ५५०० | १०० |
| | जम्मा | | १९४६७३ | ४०५४२ | २१ | ३९२९८ | ७९८४० | ४१ | ४२९२१ | १२२७६२ | ६३ | ५२४९७ | १७५२५९ | ९० | १७५२५९ | ९० |

## ३.२ सियारी गाउँपालिकाको आन्तरिक स्रोत तर्फको शिक्षाका कार्यक्रमहरुको प्रगति अवस्था

| क्रस. | कार्यक्रम शिर्षक | वार्षिक विनियोजन बजेट | प्रथम त्रैमासिकको वित्तिय प्रगति | प्रथम त्रैमासिकको वित्तिय प्रगति प्रतिशत | दोस्रो त्रैमासिकको वित्तिय प्रगति | दोस्रो त्रैमासिक सम्मको वित्तिय प्रगती | दोस्रो त्रैमासिक सम्मको वित्तिय प्रगती प्रतिशत | तेस्रो त्रैमासिकको वित्तिय प्रगति | तेस्रो त्रैमासिक सम्मको वित्तिय प्रगती | तेस्रो त्रैमासिक सम्मको वित्तिय प्रगती प्रतिशत | चौथो त्रैमासिकको वित्तिय प्रगति | चौथो त्रैमासिक सम्मको वित्तिय प्रगती | चौथो त्रैमासिक सम्मको वित्तिय प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिला शिक्षक प्रसुति खर्च | २५ | | 0 | ५ | ५ | 20 | 0 | ५ | 20 | ५ | १० | 40 |
| २ | प्रावि निमावि मावि अस्थाइ दरबन्दी पारिश्रमिक मावि तहमा ६ निमावि १३ र प्राथमिक तहमा १३ गरी जम्मा ३२ दरवन्दीको लागि हालको स्केल अनुसार | ७८४७ | 2174 | 28 | 1485 | ३६५९ | 47 | 1969 | ५६२७ | 71.7 | 2126 | 7754 | 99 |
| ३ | बालविकास आया पारिश्रमिक रु ६०००।का दरले ९जनाको १३ महिनाको | ७०२ | 203 | 29 | 162 | ३६५ | 52 | 162 | ५२७ | 75.0 | 162 | 689 | 98 |
| ४ | बालविकास शिक्षक लेखा सहायक तथा विद्यालय सहयोगि कर्मचारी थप पारिश्रमिक रु ७०००का दरले | ८००८ | 2408 | 30 | 1829 | ४२३७ | 53 | 1739 | ५९७७ | 74.6 | 1811 | 7788 | 97 |
| ५ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको लागि थप पारिश्रमिक थप रु १००० | ५२ | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 52 | 52 | 100 |
| ६ | गाउँपालिका स्तरीय बार्षिक परिक्षा सञ्चालन खर्च | ७०० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 665 | 665 | 95 |
| ७ | कक्षा ५ र ,८ ,SEE परिक्षामा प्रथम र दितिय स्थान हासिल गरि उत्कृष्ट अङ्क ल्याउनेलाइ जेहेन्दार विद्यार्थीलाइ प्रमाणपत्र र पुरस्कार | १०० | 100 | 100 | 0 | १०० | 100 | 0 | १०० | 100 | 0 | 100 | 100 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रअ तथा विभिन्न समिति वैठक तथा खाजा खर्च | ३०० | | 0 | 33.4 | ३३ | 11 | 15 | ४८ | 16 | 184 | 232 | 77 |
| ९ | अध्यक्ष कप रनिङ्ग शिल्ड फुटबल कार्यक्रम | ७८५ | | 0 | 669 | ६६९ | 85 | 0 | ६६९ | 85 | 116 | 785 | 100 |
| १० | स्थानीय पाठ्यपुस्तक लेखन कक्षा (१-३ ( | २५० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 249 | 249 | 100 |
| ११ | विद्यालयका लागि अतिरिक्त कृयाकलाप | १०० | 3.2 | 3.2 | 0 | ३ | 3 | 0 | ३ | 3 | 95 | 98 | 98 |
| १२ | स्काउट शिक्षक तालिम | ३० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 29 | 29 | 10 |
| १३ | बुहारी उच्चशिक्ष कार्यक्रम | २०० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 0 | 0 | 0 |
| १४ | सियारी शैक्षिक महोत्सव संचालन | १०० | 0 | 0 | 0 | ० | 0 | 864 | ८६४ | 96 | | 864 | 96 |
| १५ | गाउँपालिका अध्यक्षको भत्तावाट दिने रु दुइ लाख पचास हजारमा गाउँपालिकावाट साझेँदारीमा गरिव, जेहेन्दार विद्यार्थीका लागि कार्यविधि अनुसार छात्रबृत्ति वितरण | २५० | 165 | 66 | 9.5 | १७४ | 70 | 0 | १७४ | 70 | 0 | 174 | 70 |
| १६ | अधुरो कभर्ड हल वडा न ५ | १० | 0 | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 90 | 90 | 10 |
| १७ | लिलाधर छपिया जनता कलेज अनुदान | १००० | 200 | 20 | 0 | २०० | 20 | 0 | २०० | 20 | 400 | 600 | 60 |
| १८ | शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम अभिमुखिकरण तथा शिक्षकको पेशागत विकास | २०० | 0 | 0 | 155 | १५५ | 78 | 0 | १५५ | 78 | | 155 | 78 |
| १९ | विद्यालय शिक्षाका समस्या र समाधानको अनुसन्धान र विकास | १५ | 0 | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 0 | 0 | 0 |
| २० | त्रिवेणी आवि अनुदान | २ | 0 | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 2 | 2 | 1 |
| २१ | मदरसावोहरवा अनुदान | १ | 0 | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 1 | 1 | 1 |
| २२ | मैनहिया मावि शिक्षक व्यवस्थापन | ११५ | 0 | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 115 | 115 | 100 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | सिध्दार्थ मावि सञ्चालन तथा व्यावस्थापन अनुदान | १०० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 100 | 100 | 100 |
| २४ | वीरेन्द्र मावि दोस्रो तल्ला ३ कोठे भवन निर्माण | २००० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 0 | 0 | 0 |
| २५ | त्रिवेणी आवि गेट निर्माण | ४०० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 400 | 400 | 100 |
| २६ | छपिया आवि मर्मततथा करेसाबारी निर्माण | ५०० | | 0 | 0 | ० | 0 | 0 | ० | 0 | 428 | 428 | 86 |
| | जम्मा | २३१२४ | ५२५३ | २० | ४३४८ | ९६०१ | 37 | ४७४९ | १४३५० | 55 | 8482 | 22832 | 87 |

## ३.३ मुख्य मुख्य समस्या तथा चुनौतीहरु

**3.3.1** राजश्व प्रवाह र आन्तरिक तर्फको वजेट अभावका कारण आन्तरिक तर्फका कार्यक्रमहरु प्रभावित ।

**3.3.2** राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको सञ्चालनको लागि पूर्व तयारी १महिना पहिले देखि गर्नु पर्ने सिकाइ भयो ।

**3.3.3** शिक्षक दरबन्दी अत्यन्तै न्युन रहेको दरबन्दि मिलानको काम सकिसकेपछि पनि शिक्षक व्यवस्थापन नहुदाँ गाउँपालिकाको आन्तरिक तर्फको अधिकाशं बजेट गाउँपालिकाका अस्थायी दरबन्दिका शिक्षक तलब भत्तामा खर्च हुने हुदाँ शिक्षण सिकाइको गुणस्तर सुधारका कार्यक्रमहरु गर्न नसकिएको ।

**3.3.4** शिक्षण सिकाइ अनुदानको वितरण सियारी गाउँपालिकामा अध्ययनरत वालवालिकाहरु र शिक्षकहरुको दरवन्दी थप हुने १०१ संख्याको तुलनात्मक आवश्यकताको आँकलनमा हुन नसक्दा गुणस्तर सुधारमा आशातित उपलव्धि हासिल हुन नसक्नु ।

**3.3.5** आधारभूत तह कक्षा (१ -५) मा शिक्षक सेवा उत्तिर्ण गरी आउने शिक्षक मूलत नेपाली विषयका हुने र उनीहरुको कक्षा ४ र ५ मा गणित, विज्ञान र अंग्रेजी विषयको सिकाइको स्तर कमजोर भएका कारण यी विषयको नतिजा अत्यन्त कमजोर भइ गुणस्तर सुधारमा चुनौती नै रहेको ।

**3.3.6** शिक्षकहरुको पेशागत विकासका कार्यक्रमहरु आशातित रुपमा सञ्चालन गर्न नसक्दा शैक्षिक गुणस्तर सुधारमा चुनौति रहिनै रहेको ।

**3.3.7** वालविकास शिक्षकहरुको पारिश्रमिक वढनु अत्यन्तै सहानिय कार्य भए पनि यसमा पालिकको आन्तरिक स्रोतवाट करीव ७८लाख हरेक वर्ष खर्चि रहदा उपलव्धि न्यून नै रहेको ।

**3.3.8** कक्षा ८ र ५को वार्षिक परीक्षामा खर्च वढदै जाने तर उपलव्धि न्यून हुने अवस्था ।

**3.3.9** २०७२ असोज ३गने नेपालको संविधान जारीसँगै शिक्षाका २३वटा अधिकार स्थानिय तहमा हस्तारण भएका मध्ये हालसम्म १४/१५ अधिकार क्षेत्रमा मात्र काम गर्न सक्नु र वाँकी क्षेत्रमा कानूनी अन्यौलता नै रहेको ।

**3.3.10** द्वन्द र अन्तरद्वन्द वढ्दो। खास गरि विद्यालय व्यवस्थापन समिति गठन र मनोनित हुने पदाधिकारीमा यस्तो पाइएको।

**3.3.11** विद्यालय नक्शांकन हुन नसक्दा विद्यालय मर्जर पनि गर्न नसकिने  शिक्षक अभाव रहि रहने।

**3.3.12** माथिल्लो कक्षामा विषयगत शिक्षकको अभाव र विद्यार्थी संख्या अवका दिनमा  कमी हुदै जाने सम्भावना।

## ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

**3.4.1** कार्यक्रम कार्यान्वयनको क्षेत्र तथा  कार्यक्रम कार्यान्वयनका उद्देश्यहरु बजेटको  भलुम लगायतका पक्षलाइ ध्यान दिएर **organization and management survey** गरेर शिक्षाका कार्यक्रम कार्यान्वयन गर्दै अनुगमन ,निरिक्षण, शिक्षक पेशागत बिकास गर्दे समग्र शिक्षाको गुणस्तर सुधार गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन जरुरी छ।

**3.4.2** शिक्षक दरबन्दी मिलान भैसकेको अवस्थामा तत्काल आवश्यक संख्यामा स्थायि शिक्षकको व्यवस्थापन गर्नुपर्ने।

**3.4.3** शिक्षा शाखामा कार्यरत जनशक्तिको क्षमता विकासका सेवाकालिन तथा पुनर्ताजगी तालिम प्याकेजको व्यवस्था गर्नुपर्ने।

**3.4.4** शिक्षकहरुको पेशागत विकासको लागि विज्ञ समूह गठन भएपनि  समुचित परिचालन गर्न सकिएमा अझै सुधार हुने।

3.4.5 **शिक्षण सिकाइ अनुदान स्वयंसेवक शिक्षक लगायत बिभिन्न नाममा शिक्षक नियुक्ति गर्नुभन्दा शिक्षकसेवा आयोगमार्फत नै स्थायी शिक्षकको व्यवस्था गर्दा दीर्घकालिन रुपमा समेत शिक्षक व्यवस्थापनमा सहयोग पुगि गुणस्तर सुधार हुने देखिन्छ।**

**3.4.6** राष्ट्रपति शैक्षिक सुधारका कार्यक्रमहरुलाइ  जसरी डिजिटलाइज गरिदै लगिएको छ त्यो सह्रानिय छ तर यसलाइ अव भौतिक पक्ष भन्दानि अव गुणस्तर सुधार तर्फ केन्द्रित गरिनु सान्दर्भिक हुने देखिन्छ।

**3.4.7** सरोकारवालाहरुलाइ  मोटिभेसनल कक्षाहरु सञ्चालन गराउनु पर्ने।

**3.4.8** शिक्षामा छुट्याइएको वजेट मानव संसाधन विकासमा गरिएको लगानी हो जस्तै तत्काल वाटो र माटोमा गरिएको लगानीले प्रतिफल दिए जस्तै दीर्घकालमा यसको प्रतिफल प्राप्त हुने भएकाले यसमा लगानी वढाउनु पर्ने देखिन्छ।

**3.4.9** विद्यालय नक्शांकन गरि आवश्यक विद्यालय संख्या किटान गरिनु पर्नेदेखिन्छ।

**3.4.10** शिक्षाका २३ अधिकारहरु मध्ये गुणस्तर परीक्षण र व्यवस्थापनको काम हालसम्म पनि हुन नसकेकाले यस तर्फ ध्यान दिनु पर्ने अवस्थाछ ।

## परिच्छेद चार: उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण

### ४.१ शिक्षक दरवन्दी मिलानको प्रगति विवरण

शिक्षा तथा मानवस्रोत विकास केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा ) सानोठिमी भक्तपुरको पत्र संख्या २०७६/ ७७ च.न. १८९ मिति २०७६/ १२/११को पत्रवाट प्राथमिक तह (१-५) मा मौजुदा दरवन्दी स्वीकृत ८६ ,राहत ३७ गरी जम्मा १२३ र प्राथमिक तहमा ८ दरवन्दी थप गरी आवश्यक दरवन्दी १३१उल्लेख गरिएको भने निमा तह कक्षा (६-८) मा मौजुदा दरवन्दी स्थायी ११ र राहत १२ गरि २३ दरवन्दीमा शिक्षकहरु कार्यरत रहेको अवस्था छ। यस तहमा कुनै पनि विद्यालयको दरवन्दी पुलमा नरहेको र निमा तहको लागि थप ५७ वटा दरवन्दी सङ्घिय सरकारवाट थपिने भनी उक्त पत्रमा उल्लेख गरिएकोछ।

त्यस्तै गरी माध्यमिक तह कक्षा(९-१०)मा स्वीकृत - १४, राहत - १० गरी २४ दरवन्दी मध्ये २० दरवन्दिमा शिक्षक कार्यरत र ४ दवन्दी शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गर्नु पर्ने देखिन्छ भने संघिय सरकारवाट मावि तहमा थपिने दरवन्दी ६० भनी लेखि आएकाले सियारी गाउँपालिका गाउँसभा को मिति २०७७/०३ /१० को निर्णय वमोजिम वितरण गर्ने निर्णय गरिएको ।

**प्राथमिक तह :** यस तहमा सियारी गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा निम्नानुसार दरवन्दी मिलान गर्ने निर्णय गरियो।

**निर्णय न १**: सियारी गाउँपालिका भित्रका दरवन्दी सियारी गाउँपालिका भित्रैका विद्यालयहरुमा थपिने र मिलान गर्ने गरी समायोजन गर्ने सियारी गाउँपालिकाको दरवन्दी सियारी गाउँपालिका मै समायोजन गर्ने। सियारी गाउँपालिका मै नियमानुसार दरवन्दी खपत हुने भएकाले श्री जिल्ला समन्वय समितिका प्रमुख र श्री शिक्षा विकास तथा समन्वय इकाइलाइ अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय न.२:** सियारी गाउँपालिकामा प्राथमिमक तहमा८३ स्थायी अस्थायी ४ राहत ३७गरी कूल १२३ दरवन्दी मौजुदा रहेको र संघिय सरकारले दरवन्दी मिलानको क्रममा ८ दरवन्दी थप भइ प्राविमा३प्रावि दरवन्दी १३१ कायम गर्ने। विद्यार्थी सख्याको आधारमा प्राथमिक तह कक्षा १–५ मा न्यूनतम दरवन्दी ४ कायम गरिएको छ।

| क्रस | विद्यालयकोनाम | जम्मामौजुदाप्रावि दरवन्दी | कक्षा१-५ माविद्यार्थीसख्या | | विद्यार्थी सख्याको आधारमा दरवन्दी कायमहुनुपर्ने सख्या अनुपात | थपगर्नुपर्नेशिक्षकसख्या | | मौजुदाशिक्षकसख्या माघटाउनु पर्नेशिक्षक सख्या | सघियसरकारलेप्रदानगरेकोदरवन्दी अनुसारकायमगर्नु पर्नेदरवन्दीसख्या | पुलमाराखिएकोदरवन्दी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | | पुलवाटथप्ने | सघिय सरकारवाट थपिने | | | |
| १ | रामजानकी प्रा.वि | ३ | 35 | 83 | 2 | १ | | | ४ | |
| २ | सिद्धार्थमा.वि | ६ | 31 | 67 | 2 | | | २ | ४ | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | समयमाईमा.वि | ६ | 71 | 141 | 4 | | | १ | ५ | १ |
| ४ | दुर्गादेवीनि.मा | ४ | 94 | 204 | 6 | 2 | 2 | | ८ | |
| ५ | जनतामा.वि | ९ | 60 | 116 | 3 | | | ४ | ५ | ४ |
| ६ | विवेकशिलनिमा | ४ | 55 | 96 | 3 | | | | ४ | |
| ७ | त्रिवेणीआवि | ४ | 133 | 278 | 8 | ४ | १ | | ९ | |
| ८ | आकासरविप्रावि | १ | 105 | 170 | 5 | ३ | १ | | ५ | |
| ९ | चिल्हियामा.वि | ७ | 67 | 137 | 4 | | | २ | ५ | २ |
| १० | जनताआ.वि. | ७ | 55 | 90 | 3 | | | २ | ५ | २ |
| ११ | जनज्योतिप्रावि | ३ | 51 | 79 | 2 | १ | | | ४ | |
| १२ | बालकल्याणप्रा.वि | ३ | 33 | 87 | 2 | १ | | | ४ | |
| १३ | सिद्धप्रावि | ४ | 35 | 60 | 2 | | | | ४ | |
| १४ | छपियानि.मा.वि | ९ | 123 | 234 | 7 | | | १ | ८ | १ |
| १५ | विरेन्द्रमा.वि | ८ | 90 | 169 | 5 | | | ३ | ५ | ३ |
| १६ | पब्लिकनमूनामा.वि | ५ | 122 | 280 | 8 | ४ | १ | | १० | |
| १७ | जंगहत्थामा.वि | ५ | 49 | 98 | 3 | | | | ५ | |
| १८ | जनज्योतिनि.मा.वि | ६ | 40 | 61 | 2 | | | १ | ५ | १ |
| १९ | ज्ञानोदयप्रा.वि. | ३ | 49 | 95 | 3 | १ | | | ४ | |
| २० | सरस्वतीप्रा.वि | १ | 36 | 68 | 2 | 2 | 1 | | ४ | |
| २१ | मैनहियमा.वि | ८ | 117 | 209 | 6 | | | २ | ६ | २ |
| २२ | नवदुर्गाप्रा.वि | ३ | 71 | 97 | 3 | १ | | | ६ | |
| २३ | कोटहीनिमावि | ७ | 87 | 140 | 4 | | | २ | ५ | २ |
| २४ | गणसारीमा.वि | ७ | 71 | 131 | 4 | | | २ | ५ | २ |
| २५ | भगदरीप्रावि | ० | 69 | 125 | 4 | २ | २ | | ४ | |
| | जम्मादरवन्दी | १२३ | १७४९ | ३३१५ | ९५ | २२ | ८ | २२ | १३१ | २२ |

**निर्णय न ३ :** तपसिलका विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा दरवन्दी बढी भएको प्रावि तहको दरवन्दी पुलमा राख्ने र क्रमस दरवन्दी समायोजन गरी कटौती सियारी गाउँपालिकामा रहेका २२ पुल दरवन्दीलाइ निम्न विद्यालयमा मिलान गर्दै जाने अथवा शिक्षक पठाउने निर्णय गरियो ।

१ जनज्योति आविमा१ पुल दरवन्दी। कायम दरवन्दी ५। १पुलदरवन्दी ज्ञानोदय प्राविमा पठाउने।
२ मैनहिया माविमा २ पुल दरवन्दी । कायमदरवन्दी ६। २ पुलदरवन्दी दुर्गादेवी माविमा पठाउने ।
३ सिध्दार्थमाविमा२पुलदरवन्दी। कायमदरवन्दी ४। २ दरवन्दी सरस्वती आविमा पठाउने ।
४ छपिया आविमा१पुलदरवन्दी । कायम दरवन्दी ७। १पुल दरवन्दी वालकल्याण प्राविमा पठाउने ।
५ समयमाइमाविमा१पुलदरवन्दी। कायम दरवन्दी ५। १ पुल दरवन्दी रामजानकी प्राविमा पठाउने ।
६ जनतामाविमा ४ पुल दरवन्दी। कायम दरवन्दी ५। ४ पुलदरवन्दीत्रिवेणीआविमापठाउने।
७ जनताआविमा२ पुलदरवन्दी। कायमदरवन्दी ५ । पुल २ दरवन्दीलाइ क्रमस१ जनज्योति प्रावि सोनारेत र १ नवदुर्गा प्राविमा पठाउने।
८ चिल्हियामाविमा२पुलदरवन्दी।कायम दरवन्दी ५। २ पुलदरवन्दी आकाश रवि प्राविमा पठाउने।
९ वीरेन्द्र माविमा३पुलदरवन्दी। कायम दरवन्दी५। ३ दरवन्दी पव्लिक माविमा पठाउने ।
१० कोटहीआविमा२पुलदरवन्दी।कायमदरवन्दी५। २ दरवन्दीभगदरी प्राविमा पठाउने ।
११ गणसारी माविमा २ पुल दरवन्दी । कायम दरवन्दी ५। २ पुल दरवन्दीलाइ क्रमस १आकाश रवि प्रावि र १ पव्लिक माविमा कायम गर्ने । यसरी जम्मा सियारी गाउँपालिका भित्र कायमहुने पुलदरवन्दी सङ्ख्या २२ र पदस्थापना हुने दरवन्दी २२।

**निर्णय न ४** : दरवन्दी मिलानको क्रममा सङ्घिय सरकारवाट प्राप्त हुने प्राथमिक तहको ८ दरवन्दीलाइ निम्नानुसार मिलान गरिनेछ ।

१ दुर्गादेवी माविलाइ २ दरवन्दी
२ पव्लिक मावि लाइ २ दरवन्दी
३ सरस्वती आविलाइ १ दरवन्दी र
४ आकाशरवी प्राविलाइ १ दरवन्दी वितरण गर्ने

**मावि तह**

**निर्णयन ५:** सियारी गाउँपालिकामा निमातहमा मौजुदा स्थायी ११ र राहत १२ गरि २३ दरवन्दीमा शिक्षकहरु कार्यरत रहेको अवस्थाछ। कुनै पनि विद्यालयको दरवन्दी पुलमा नरहेको र निमा तहको ५७ वटा दरवन्दी सङ्घिय सरकारवाट थपिने दरवन्दीहरु रहेको।

**निर्णयन ६:** मौजुदा दरवन्दीमा कार्यरत शिक्षकहरुको सङ्ख्यात्मक विवरण यसैसाथ सम्लग्नछ। सङ्घिय सरकारवाट थप्नु दरवन्दी ५७ देखिएको भनी पत्राचार भएको र मौजुदा दरवन्दी २३ गरी आवश्यक देखिएको जम्मा ८० दरवन्दी कायम गरी मिलान गर्ने। दरवन्दी मिलान वितरण यस प्रकार गर्ने निर्णय गरियो।

| **क्र.सं.** | **विद्यालयको नाम** | निमातहमामौजुदादरवन्दी | | | | सघिय सरकारले थपगरेको दरवन्दी अनुसार न्यूनतम कायम हुनुपर्ने दरवन्दी | निमावितहकक्षा ६_८ मा थप गर्नुपर्ने शिक्षक सख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | आधारभूत तहको कक्षा ६-८ | पुलवाट थप्ने | सघिय सरकारवाट थपिने |
| १ | दुर्गादेवीनि.मा.वि | | | | ० | ५ | | ५ |
| २ | पब्लिक .मा.वि | ४ | | | ४ | ८ | | ४ |
| ३ | त्रिवेणीआवि | | | १ | १ | ७ | | ६ |
| ४ | जनतामा.वि | ४ | | | ४ | ४ | | ० |
| ५ | जनताआ.वि. | | | | ० | ४ | | ४ |
| ६ | गणसारीमा.वि | | | | ० | ४ | | ४ |
| ७ | चिल्हियामा.वि | १ | | २ | ३ | ५ | | २ |
| ८ | कोटहीनिमावि | | | | ० | ४ | | ४ |
| ९ | छपियानि.मा.वि | | | | ० | ४ | | ४ |
| १० | सिद्धार्थमा.वि | | | ३ | ३ | ४ | | १ |
| ११ | विरेन्द्रमा.वि | २ | | १ | ३ | ७ | | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | जनज्योतिनि.मवि | | | | ० | ४ | | ४ |
| १३ | मैनहिय.मा.वि | | | ३ | ३ | ७ | | ४ |
| १४ | समयमाईमा.वि | | | २ | २ | ५ | | ३ |
| १५ | जंगहत्थामा.वि | | | | ० | ४ | | ४ |
| १६ | विवेकशिलनिमावि | | | | ० | ४ | | ४ |
| | जम्मादरवन्दी | ११ | 0 | १२ | 23 | ८० | | ५७ |

१) **माध्यमिक तह निर्णय न ७:** सियारी गाउँपालिकामा मावि तहमा कुनै पनि दरवन्दी पुलमा नरहेकोले शिक्षा तथा मानवस्रोत विकासकेन्द्र शिक्षक व्यवस्थापन समन्वय शाखाको पस२०७६/७७शिव्या च.न.१८९मिति २०७६/११/१२को पत्रवाट मावितहमा मौजुदा कक्षा (९–१०)मा २४ र कक्षा११–१२मा राहत१० भनी तोकि आएको र कक्षा ९–१० मा आवश्यक दरवन्दी ६० भनी उल्लेख भइ आएकाले सियारी गाउँपालिकामा थप हुने दरवन्दीको सङ्ख्या ३६ रहेको अवस्था हो। यसको मिलान यसप्रकार गर्ने निर्णय गरियो।

| क्रस | विद्यालयको नाम | माविदरवन्दी | | उमाविदरवन्दी | | | मौजुदामावि९–१२तहमाजम्मादरवन्दीविवरण | | सघियसरकारले थप पश्चात आवश्यक कायम हुने दरवन्दीमा वि कक्षा ९– १० | मावितह कक्षा९ – १०मा थप गर्नुपर्ने दरवन्दी सख्या | मावितहकक्षा९ – १०माथपगर्नुपर्नेशिक्षक सख्या | | उमावितहमा कायमहुनुपर्नेदरवन्दीसख्या | दरवन्दीमिलान पश्चातकक्षा९ –१२मा कायम हुने दरवन्दी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | राहत | | | | पुलमा रहनेदरवन्दी | सघिय सरकारवाट थपिने | | |
| १ | पब्लि .मा.वि | ५ | | | ५ | | ३ | ८ | ११ | ६ | | ६ | ३ | १४ |
| २ | जनतामा.वि | ५ | | | ५ | | २ | ७ | १० | ५ | | ५ | २ | १२ |
| ३ | गणसारीमा.वि | | | १ | १ | | | १ | ५ | ४ | | ४ | | ५ |
| ४ | चिल्हियाउमा.वि | | १ | ३ | ४ | | २ | ६ | ६ | २ | | २ | २ | ९ |
| ५ | सिद्धार्थउमा. | १ | | | १ | | १ | २ | ६ | ५ | | ५ | १ | ६ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वि | | | | | | | | | | | | | |
| ६ | विरेन्द्रमा.वि | | १ | २ | ३ | | | ३ | ६ | ३ | | ३ | | ९ |
| ७ | मैनहियाउ.मा .वि | | १ | ३ | ४ | | 2 | ६ | ७ | ३ | | ३ | २ | १० |
| ८ | समयमाईमा. वि | | | १ | १ | | | १ | ५ | ४ | | ४ | | ५ |
| ९ | जगहत्थामावि | | | | 0 | | | ० | ३ | ३ | | ३ | | ३ |
| १० | दुर्गादेवीमावि | | | | | | | ० | १ | १ | | १ | | १ |
| | जम्मा दरवन्दी | ११ | ३ | १० | २४ | | १० | ३४ | ६० | ३६ | | ३६ | १० | ७० |

4.2 **विदयालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारीत प्रोत्साहन** अनुदान : **जम्मा वजेट रु ६८७५०००/- खर्च ६८७४०००/**

**तालिका न. ७**

| ***क्रसं.*** | ***विद्यालयको नाम*** | ***विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसंपादनमा आधारीत प्रोत्साहन अनुदान*** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षक दरबन्दी प्राप्त नगरेका विद्यालयलाइ एकमुष्ठ अनुदान | विज्ञान प्रयोगशाला आइतथा .टि.सि. पुस्तकालय अनुदान | शैक्षिक व्यवस्थापकिय सुधार शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाइ कार्यसंपादनमा | कक्षा १मा पढाइ तथा गणित ३- क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा | नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापन योजना कार्यान्वयनका लागि कार्यसंपादनमा | जम्मा निकासा रकम |
| *१* | ***चिल्हिया मावि*** | | *६५००००* | | | | *६५००००* |
| *२* | ***पब्लिक मावि*** | | | | | *४५०००००* | *४५०००००* |
| *३* | ***भगदरी प्रावि*** | *१००००००* | | | | | *१००००००* |
| *४* | ***त्रिवेणी आवि*** | | | *१०००००* | | | *१०००००* |
| *५* | ***दुर्गादेवी मावि सियारी ६*** | | | *१५००००* | | | *१५००००* |
| *६* | ***सिद्धार्थ मावि*** | | | *१५००००* | | | *१५००००* |
| *७* | ***जनता आवि*** | | | *१०००००* | | | *१०००००* |
| *८* | २५ सामुदायिक विद्यालयमा | | | | *२२४२५०* | | *२२४२५०* |
| | ***जम्मा*** | *१००००००* | *६५००००* | *५०००००* | *२२४२५०* | *४५०००००* | *६८७४२५०* |

***कक्षा १-३ मा पढाइ तथा गणितका क्षेत्रका थप सिकाइ सामग्रीहरु छपाइ गरि वितरण गरियो । यसको भरपाइ यसै साथ संलग्नछ ।***

**आज मिति २०८१।१०।२१ गते हामि तपसिलअनुसारका विद्यालयले सियारी गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखाबाट कक्षा १ देखि ३ का लागि भाषा तथा गणित क्षेत्रका थप सिकाइ सामग्री बुझी यो भरपाइ गरिदियौं ।**

| क्र स | विद्यालयको नाम | भाषा तथा गणित क्षेत्रका थप सिकाइ | प्रति थान पुस्तक संख्या | बुझिलिनेको नाम थर | सम्पर्क नम्बर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पब्लिक मावि | १ | १८ | सुरज पाण्डे | 9768332070 | | |
| २ | रामजानकी प्रावि | १ | १८ | तारा पोखरेल | 9867290939 | | |
| ३ | छपिया आवि | १ | १८ | अम्बिका यादव | [illegible] | | |
| ४ | दुर्गादेवी मावि | १ | १८ | POOJA PANDEY | 9824402048 | | |
| ५ | विवेकशिल आवि | १ | १८ | अमन बानिया | 9847400163 | | |
| ६ | जंगहत्था मावि | १ | १८ | सुरेन्द्र आर्याल | [illegible] | | |
| ७ | समयमाइ मावि | १ | १८ | सीता चौधरी | [illegible] | | |
| ८ | सरस्वती आवि | १ | १८ | तारा कुमारी कक्षा | [illegible] | | |
| ९ | जनता आवि | १ | १८ | लालमन यादव | [illegible] | | |
| १० | ज्ञानोदय आवि | १ | १८ | उग्रसेन पानथान | [illegible] | | |
| ११ | गणसारी मावि | १ | १८ | [illegible] चौधरी | [illegible] | | |
| १२ | मैनहिया मावि | १ | १८ | [illegible] | [illegible] | | |
| १३ | जनता मावि | १ | १८ | [illegible] | [illegible] | | |
| १४ | वीरेन्द्र मावि | १ | १८ | महेन्द्र यादव | [illegible] | | |
| १५ | सिध्दार्थ मावि | १ | १८ | सुरेन्द्र आर्याल | [illegible] | | |
| १६ | भगदरी प्रावि | १ | १८ | रमेश यादव | [illegible] | | |
| १७ | चिल्हिया मावि | १ | १८ | [illegible] घिमिरे | [illegible] | | |
| १८ | कोटही आवि | १ | १८ | मो. इलियास | [illegible] | | |
| १९ | सिध्द आवि | १ | १८ | [illegible] | [illegible] | | |
| २० | जनज्योती आवि-१ | १ | १८ | [illegible] | [illegible] | | |
| २१ | त्रिवेणी आवि | १ | १८ | मथुरा यादव | [illegible] | | |
| २२ | जनज्योती आवि-३ | १ | १८ | [illegible] त्रिपाठी | [illegible] | | |
| २३ | आकाशरवी आवि | १ | १८ | [illegible] यादव | [illegible] | | |
| २४ | नवदुर्गा आवि | १ | १८ | [illegible] उपाध्याय | [illegible] | | |
| २५ | वालकल्याण प्रावि | १ | १८ | नगेन्द्र यादव | [illegible] | | |
| | जम्मा | २५ | ४५० | | | | |

### ४.३ शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान कार्यान्वयनको अवस्था

सियारी गाउँपालिका -२ भगदरी मा सञ्चालित श्री भगदरी प्राथमिक विद्यालयमा एकमुष्ठ अनुदानबाट संचालित विद्यालय हो जहाँ कुनै पनि शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त छैन । सो अनुदानबाट विद्यालयमा शिक्षकहरुको व्यवस्थापन गरि कक्षा वालविकास देखि ५ सम्म पठनपाठन भै रहेको अवस्था छ । विद्यालय व्यवस्थापन समिति र गाउँपालिका शिक्षा शाखा वीच सम्झौता भए वमोजिम विद्यालयले पेश गरेको कार्योजनाका आधारमा विद्यालयको माग वमोजिम एकमुष्ट रु १० लाख रुपैया निकासा गर्ने गरिएको छ । विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च हुने गरेको । शिक्षकको तलव भत्ता स्केल र विद्यार्थी विवरण यस प्रकार रहेको छ ।

**तालिका ८**

| एकमुष्ठ अनुदानमा सञ्चालित विद्यालय | शिक्षक विवरण | तलब स्केल | महिना | बिद्यार्थी संख्या २०८० | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वालविकास कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| भगदरी प्राथमिक विद्यालय,सियारी-२ | रमेश यादव | १७००० | १३ | **१६** | **१६** | **१२** | **१५** | **०९** | **११** |
| | सिता काफ्ले | २६००० | १३ | | | | | | |
| | पुनम जयसवाल | १८००० | १३ | | | | | | |

## ४.४ विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरु

- विद्यार्थी सत्यापन गरे र मात्र निकासा
- सुझाव पेटिकाको व्यवस्था
- सुचना अधिकारीको व्यवस्था
- नियमित प्रअ वैठक
- शिक्षा समिति परीक्षा समिति वैठक मार्फत भएका निर्णयहरुलाइ कार्यान्वयनको व्यवस्था
- इ-हाजिरीको व्यवस्था।
- मिनुको आधारमा दिवा खाजा ।
- पालिकास्तरिय वार्षिक कार्यपात्रोको व्यवस्था।
- सामाजिक परीक्षण तथा अन्तिमलेखा परीक्षण
- वेला वेलामा अनुगमन र वैठक

**४.५ स्थानीय साझेदारीमा विद्यालय भवन अनुदान**

कूल वजेट रु ५५लाख । खर्च रु ५५ लाख । गाउँपालिको साझेदारीमा रु १०लाख। यस आवमा जनता मावि अमवालाई प्रदान गरि कार्यसम्पन भएको अवस्था हो।

आव २०७४/७५देखि आव २०८१/८२सम्म सियारी गाउँपालिकावाट वितरण गरिएका पुस्तकालय, आइसिटी ल्याव, विज्ञान प्रयोगशाला , रेष्ट्रोफिटिंग २कोठे भवन, २ कोठे भवन ,४ कोठे भवन र वास सहितको शौचालयको विवरण **तालिका ८मा** यसै साथ सैलग्नछ।

**तालिका ९**

| आ.व | २ कोठे भवन | ४ कोठे भवन | वास सहितको शौचालय | पुस्तकालय | आइ.सि.टि ल्याब | बिज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | जंगहत्था मा.वि | गणसारी मा.वि बहुबर्षे भवनको | विरेन्द्र मा.वि र मैनहिया मा.वि | | समयमाइ मावि | | |
| २०७५/७६ | पब्लिक मा.वि | | सिध्दार्थ मा.वि र छपिया आ.वि | | सिध्दार्थ मावि | समयमाइ मावि | |
| २०७६/७७ | | जनता आ.वि(४ कोठे) | | | | | |
| २०७७/७८ | | | | | जनता आवि | वीरेन्द्र मावि | |
| २०७८/७९ | | | | त्रिवेणी आवि | भगदरी आवि | दुर्गादेवी मावि | |
| २०७९/८० | | | | | दुरुगादेवी मावि | गणसारी मावि | |
| २०८०/८१ | | | | समयमाइ मावि | | त्रिवेणी आवि | |
| २०८१/८२ | | जनता मावि अमवा | | | चिल्हिया मावि | | |

४.६ विद्यालयमा विज्ञान प्रयोगशाला, **ICT Lab.**पुस्तकालय  तथा इन्टरनेट सुविधा अवस्था

**सामुदायिक माध्यमिक विद्यालयमा गणित,विज्ञानप्रयोगशाला र शैक्षिकसामग्री निर्माणप्रयोगको अवस्था तालिका न. १०**

| क्र | इमिस कोड | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | पुस्तकालय | | | विज्ञानप्रयोग शाला | | आइसि टी | | गणितप्रयोग शाला | | औषधी उपचार कक्ष | | सङ्गित तथा खेलकूद सामग्री विकास र सङ्कलन कक्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | थप्ने सख्या | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | |
| १ | 490030004 | दुर्गादेवीमावि | ०–१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| २ | 490030003 | समइमाइ मावि | ०–१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ३ | 490180005 | वीरेन्द्र मावि | ०–१० | √ | | नपुग | √ | नपुग | √ | | | √ | | √ | | √ | |
| ४ | 490280001 | जंगहत्था मावि | ०–१० | √ | | नपुग | | √ | √ | | | √ | | √ | | √ | |
| ५ | 490410004 | गणसारी मावि | ०–१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ६ | 490030005 | जनता मावि | ०–१२ | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ७ | 490030002 | सिद्धार्थ मावि | ०–१२ | √ | | नपुग | √ | | √ | | | √ | | √ | | √ | |
| ८ | 490170001 | चिल्हीया मावि | ०–१२ | √ | | नपुग | | √ | √ | | | √ | | √ | | √ | |
| ९ | 490180007 | पब्लिक मावि | ०–१२ | √ | | नपुग | √ | | √ | | | √ | √ | | | √ | |
| १० | 490410001 | मैनहिया मावि | ०–१२ | √ | | नपुग | √ | | √ | | | √ | | √ | | √ | |
| | जम्मा आवश्यकता | | | | | ६ | | २ | | | | १० | | ९ | | १० | |

### ४.७ विद्यालय सूपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति

विद्यालयमा निकासा हुने अनुदानहरुलाइ तथ्यांक सत्यापन गरेर मात्र दिनु पर्ने भएको हुदाँ विद्यालयहरुको अनुगमन गरेर वास्तविक संख्याका आधारमा  निकासा गरिने गरेको। समग्रमा भएका कामको स्थि ति यस प्रकार रहेकाछन्।

१ विद्यालय भौतिक पूर्वाधार निर्माणको क्रममा अनुगमन समितिवाट अनुगमन गरि लागत प्रभावकारी हुने गरिकाले कार्यसम्पन्न गर्न सुझावहरु प्रदान गरिएको

२ प्रअको शैक्षिक तथा प्रशासनिक नेतृत्व विकासका लागि प्रअ वैठक मार्फत सल्लाह सुझाव परामर्श प्रदान गर्ने गरिएको।

३ शिक्षकहरुको क्षमता विकासका पाठ्यक्रम तालिम कार्यक्रम आयोजना गरिएको ।

४ समग्र विद्यालयको शैक्षिक, आर्थिक ,भौतिक तथा जनसक्ति व्यवस्थापनसँग सम्वन्धित  अभिलेख व्यवस्थापनका सन्दर्भमा र आइ.इ.एम.आइ.एस.को प्रभावकारी प्रयोग सम्वन्धमा अभिमुखिकरण तथा तालिम प्रदान गरिएको।

५ शिक्षकको कक्षा शिक्षणकै क्रममा कक्षा अवलोकन तथा सुपरिवेक्षण गरेर वालवालिकाको सिकाइ सुधारको लागि वस्तुगत पृष्ठपोषण प्रदान गरिएको।

६ विद्यालय स्वास्थ्य कार्यक्रम दिवा खाजा विद्यालय सरसफाइ आदि सम्वन्धमा सघन अनुगमन गरि रचनात्मक सहयोग प्रदान गरिएको। आदि

## ४.८ वालविकास केन्द्रको अवस्था

विद्यालयमा आधारित ४४ र समुदायमा आधारित ११ गरि जम्मा ५५ वालविकास केन्द्रहरु रहेका छन जहा संघिय सरकारबाट प्राप्त अस्थायी दरबन्दीका सहजकर्ताहरु संघिय सरकारको मासिक रु १०००० र स्थानिय बाट थप मासिक रु ७००० गरी जम्मा मासिक रु १७००० का दरले पारीश्रमिक पाउने गरि व्यवस्थापन गरिएकोछ । त्यस्तै गरि विद्यालय कर्मचारी कार्यालय सहायकलाइ संघिय सरकारको रु १३५०० र पालिकावाट रु ७०००। गरी मासिक रु२०५०० का दरले १३ महिनाको १०जनालाइ तथा कार्यालय सहयोगी संघिय सरकारको मासिक रु ८००० र स्थानिय बाट थप मासिक रु ७००० गरी जम्मा मासिक रु १५००० का दरले १३महिनाको २५जनालाइ पारीश्रमिक पाउने गरि व्यवस्थापन गरिएकोछ । वालविकास केन्द्रहरुको नक्सांकन नभएको र गाँउपालिकाले आफ्नै स्रोतबाट वालविकास केन्द्र सञ्चालन गरेको छैन। यसमा गाँउपालिकाले थप पारीश्रमिकमा करिव ७८लाख खर्च गरिएको छ । समुदायमा रहेका १०वालविकास केन्दहरुमा वसाइ व्यवस्थापन टिभिको व्यवस्था खाजा वनाउने कुकको पनि व्यवस्था मिलाइएको छ। ८जना कुकहरुको लागि मासिकरु ६०००/का दरले १३ महिनाको रु ६लाख ८९हजार रुपैया गाउँपालिकाको आन्तरिक स्रोतवाट व्यवस्थापन खर्च गरिएको छ।

**४.९ विद्यालय सुधार योजना निर्माण सामाजिक परीक्षणको अवस्था** : ५ वर्षे विद्यालय सुधार योजना सवै विद्यालयहरुको वनेको तर शिक्षकहरु र विद्यालय व्यवस्थापन समितिहरुको लागि योजना निर्माणको लागि क्षमता विकासको आवश्यकता रहेको। सामाजिक परीक्षणको काम भै रहेको अवस्था छ।

**४.१० विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ReAL कार्यान्वयन**

नेपाल सरकार सशर्त अनुदान तर्फ आ.व २०८१/८२ को सियारी गाउँपालिकाको बार्षिक बजेट पुस्तिकाको पेज नं. ९४ र ९६ को सि.न २९ र ४४ मा विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ReAL कार्यान्वयन कार्यक्रम शिर्षकरमा रु ४०००००/ चार लाख रुपैया विनियोजन भएकोले मिति २०८१/०८/०५ र ०६ गते सियारी गाउँपालिकाको तालिम हलमा दुइ दिवसिय अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।

| क्रस | कूल वजेट | खर्च शीर्षक | |
|---|---|---|---|
| | ४०००००० | दुइ दिने अभिमुखिकरण सञ्चालन खर्च | १०९३६०/- |
| | | प्रति विद्यार्थी रु७०/का दरले ४१५२ विद्यार्थीको लागि २५ सामुदायिक विद्यालय र ३ मदरसा गरि २८ विद्यालयमा रकम निकासा गरिएको | २९०६४०/- |
| | | जम्मा खर्च | ४०००००/- |

सियारी गाउँपालिकाको इमिसमा सियारीका सवै विद्यालयहरुले यसको काम सम्पन्न गरेको देखिन्छ । सवै विद्यालयले काम गरे नगरेको सियारी गाउँपालिका शिक्षा शाखाले अनलाइनवाट अनुगमन समेत गरिएको थियो।

### ४.११ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण

**क . एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम**

यस आ  मा नेपाल सरकार शर्त तर्फको ८२/व.२०८१.२  ७.१३.३०२.शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण अन्तरगतको उपकृयाकलाप एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिमको प्रतिवेदन यसैसाथ संलग्नछ।

**प्रतिवेदन**

कार्यक्रमको नाम: शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण अन्तरगतको उपकृयाकलाप एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम ।

कार्यक्रमको खर्च शीर्षक : २२५२२

कम्पोनेन्ट नं : २ ७.१३.३०२.

कार्यक्रमको वजेट: रु २००००० -/

कार्यक्रमको उदघाटन मिति : २०८१ १३/०३/

वजेटको स्रोत : नेपाल सरकार सशर्त तर्फको वजेट।

कार्यक्रमको उद्देश्य : चार दिने एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम कार्यक्रमको उध्देश्य यस प्रकार रहेको छ

- ❖ आधारभूत शिक्षा १को एकिकृत ३- पाठ्यक्रमका परिवर्ति विषयवस्तुहरुलाइ सहजिकरण गर्ने।
- ❖ एकिकृत शिक्षण सिकाइसम्बन्धी पेशागत क्षमता अभिबृद्दि गराउने।
- ❖ शिक्षाका सक्षमताहरुको वारेमा परिचित गराउनु
- ❖ पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलव्धीहरु वारे अभिमुखिकरण गर्नु।
- ❖ पाठ्यक्रमको मर्म र भावअनुरुप सिकाइ सहजिकरण गर्न सक्षम बनाउने।
- ❖ एकिकृत सिकाइको लागि मुल्याङ्कनका साधनहरुको पहिचान प्रयोग तथा सिकाइ उपलब्धिको अभिलेखिकरण।

**कार्यक्रम सञ्चालन** : जिल्लास्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी भएका प्रशिक्षकहरुवाट तालिम सञ्चालन गरिएको।

**कार्यक्रम सञ्चालन स्थान** : सियारी गाउँपालिका सभाहल।

कार्यक्रम सञ्चालन अवधि :चार दिन मिति २०८११६गतेसम्म।/०३/देखि २०८२ १३/०३/

**कार्यक्रम सहजिकरण प्रकृया** : प्रस्तुतीकरण, समूह कार्य , सामूहिक छलफल असल अभ्यास आदान प्रदान आदि।

**सामग्रीहरु** : प्रोजेक्टर, ल्यापटप ,हयान्सआउट , कार्डवोर्ड, मेटाकार्ड,जिस्ता पेपर, फोटोकपि ,आधारभूत तह कक्षा १ ३-पाठ्यक्रम, शिक्षक निर्देशिका, सिकाइ स्रोत सामग्री आदि।

**कार्यक्रमको अपेक्षिक उपलव्धीहरु** : कार्यक्रम सञ्चालन पश्चात निम्न उपलव्धिहरु हासिल हुने अपेक्षा राखिएको छ।

- ❖ थप नयाँ शिक्षकहरुको पेशागत दक्षता वृध्दि भएको ।

- ❖ नया पाठ्यक्रमसँग परिचित भइ सिकाइ सहजिकरणमा मध्दत पुगेको ।
- ❖ कक्षा १३को- मूल्यांकनमा सहजता भएको अनुभव शेयरिंग भएको।
- ❖ कार्यक्रमको प्रगति भएको।
- ❖ एकपटक पनि तालिमको अवसर नपाएका शिक्षकहरु वढी लाभान्वयित भएका ।
- ❖ नतिजा सुधारको लागि प्रतिवध्दता प्राप्त भएको ।

**ख . बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका**

गत आ. व. ०८१/८२ को कृयालाप नं २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण अन्तरगतको उपकृयाकलाप बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि स्थानीय तह एवम विद्यालयको लागि कार्यक्रम शिर्षकममा रु ३८१०००/ तिन लाख एकासी हजार रुपैया विनियोजन भएकोले सो कार्यका लागि शिक्षक तथा फोकल पर्सनको क्षमता विकास गर्ने मिति २०८१।०९। ०३ गते र २०८१।०९।०४ गते सियारी गाउँपालिका सभा हलमा कार्यक्रम कार्यान्वयन गरिएको हो। disability screening कार्यान्वयन सम्बन्धि तालिम प्राप्त प्रशिक्षक शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री माधव बञ्जाडे ,शाखा अधिकृत श्री अमर ब केसी, शिक्षा शाखाका प्रासश्री शिला पन्थी तथा अन्य आन्तरिक प्रशिक्षकहरुबाट कार्यक्रम प्रशिक्षण र दोस्रो दिन कार्यशाला सञ्चालन गरिएको थियो।

| क्रस | कूल वजेट | खर्च शीर्षक | |
|---|---|---|---|
| | ३८१००० | दुइ दिने अभिमुखिकरण सञ्चालन खर्च | १०२६६२ |
| | | कक्षा वालविकास देखि कक्षा ३सम्मका वालवालिकाहरुको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि इमिसमा आवध्द । disability Modulमा प्रविष्ट गर्ने कार्यमा संलग्न शिक्षक तथा कर्मचारीहरुको लागि खाना खाजा खर्च वापत प्रति विद्यार्थी रु ७७/-का दरले जम्मा ३५९६जना विद्यार्थीको लागि २५ सामुदायिक विद्यालय र ३ मदरसा गरि २८ विद्यालयमा रकम निकासा गरिएको | २७६८९२ |
| | | जम्मा खर्च | ३७९५५४/- |

सियारी गाउँपालिकाको इमिसमा सियारीका सवै विद्यालयहरुले यसको काम सम्पन्न गरेको देखिन्छ। सवै विद्यालयले काम गरे नगरेको सियारी गाउँपालिका शिक्षा शाखाले अनलाइनवाट अनुगमन समेत गरिएको थियो।

४.१२ **शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम :** कूल वजेट २३लाख खर्च २२लाख ४०हजार

नेपाल सरकार सशर्त तर्फ आ.व. २०८१/८२ मा स्थानीय तहका लागि शसर्त अनुदानमा वित्तीय हस्तान्तरण भएको कार्यक्रममा **लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारीक आजिवन सिकाइ कार्यक्रम सञ्चालनका लागि रु दुइ**

**लाख रुपैया विनियोजन भएको ।** यसरी दुवै तह संघिय सरकार र स्थानीय तहको लागत साझेदारिमा ३५००००/- तीनलाख पचासहजार रुपैया कार्यक्रम सञ्चालनको लागि मिति २०८१/०५/०६ मा स्वीकृत प्रस्तावना तथा लागत अनुमान स्वीकृत गरि मिति २०८१/०५/२७ गते विहान १०.०० बजे देखि साझ ५.०० बजे सम्म सियारी गा.पा. को तालिम हलमा एक दिने अभिमुखिकरण तालिम सञ्चालन गरियो । शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम -परंपरागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कायर्क्रमको सामुदायिक सिकाइ केन्द्रका निम्न विषयवस्तु वारेमा अभिमुखिकरण गराइयो ।

१ सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष र परिचालकहरुलाइ कार्यक्रमको वारेमा जानकारी गराइएको ।

२ अनलाइन अनौपचारीक शिक्षा केन्द्रको वारेमा सहजिकरण गरिएको ।

३ सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धि निर्देशिकाको वारेमा अभिमुखिकरण गरिएको ।

४ विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा वीचैमा पढाइ छाडेका विद्यालय उमेर समूह ५देखि २२ वर्षका वालवालिकाहरुको पहिचान गर्न घरधुरी वर्वेक्षण फाराम तयार गरिएको ।

५ त्यस्तै गरि चिल्हिया सामुदायिक सिकाइ केन्द्रलाइ वडा न १को ,गौतमवुध्द सामुदायिक सिकाइ केन्द्र मैनहियालाइ वडा न २ र ३ दयानगर सामुदायिक सिकाइ केन्द्रलाइ वडा न ४ र ५ तथा सगरमाथा सामुदायिक सिकाइ केन्द्रलाइ वडा न ६ र ७ भित्रको जिम्मेवारी दिने निर्णय गरियो । यो काम आगामी यस आ.व. देखि थालनि गर्ने जिम्मेवारी तोकिएको।

**अपेक्षित उपलब्धी**

- कार्यक्रमको वारेमा लक्ष्यित समूह ३०जनालाइ अभिमुखिकरण सम्पन्न भयो ।
- घरधुरो सर्वेक्षणको फाराम २०८१ तयार भयो ।
- घरधुरी सर्वेक्षणका लागि सामुदायिक सिकाइ केन्द्रलाइ जिम्मेवारी वनाइ आधारभूत तह कक्षा ८ अनुत्तीर्ण सियारीका नागरिकको विवरण संकलन गरि वैकल्पिक कक्षा सञ्चालनको तयारी भयो ।
- सम्पर्क कक्षा सञ्चालन गरि अनिवार्य तथा निशुल्क शिक्षाऐनको कार्यान्यवयन चरणमा प्रवेश गरियो ।।
- विद्यालय वाहिरका वालवालिका पहिचान गर्ने सहज हुनेछ ।**वजेटिंग**

| क्रस | कूल वजेट | खर्च शीर्षक | |
|---|---|---|---|
| | २३०००००० | सामुदायिक सिकाइ केन्द्र को कार्ययोजनामा आधारीत अनुदान | १२००००० /- |
| | | ३ मदरसा अनुदान | ८४१००००/- |
| | | सामुदायिक सिकाइ केन्द्र वडाध्यक्षहरुको अभिमुखिकरण | ३००००/- |
| | | घरधुरी सर्वेक्षणको लागि गणकहरुको व्यवस्था मिलाइ उनीहरुको खाजा पारीश्रमि आदिमा सिकाइ केन्द्रको खातामा निकासा रकम | २२९००० |
| | | जम्मा खर्च | २२४००००/ |

४.१३ विशेष शिक्षा कार्यक्रम कार्यान्वयन अवस्था

विशेष शिक्षा कार्यक्रम अन्तरतग विरेन्द्र मा.वि .सियारी ५मा दृष्टिविहिन वालवालिकाहरु १० जना अध्ययनरत रहेका छन् ।

अपांगमैत्री नयाँभवनमा पठन पाठन भएको अवस्था छ। आवासिय रुपमा स्रोतकक्षा सञ्चालन रहेको छ भने एकजना आया कार्यरत रहनु भएको छ । प्राथमिक तह तृतीय श्रेणीका स्थायी स्रोत शिक्षक श्री लोकनाथ सापकोटले व्रेललिपिको माध्यमवाट पठनपाठन गरेको र गाउँपालिकाको आन्तरिक स्रोतवाट १जना दृष्टिविहिन शिक्षकलाइ मासिक रु १७०००/ का दरले पारिश्रमिक दिने व्यवस्था मिलाइएको छ ।

## ४.१४ दिवा खाजा कार्यक्रम कार्यान्वयन

सियारी गाउँपालिकाका २५ सामुदायिक ३ धार्मिक र ११ समुदायमा आधारित वालविकास केन्द्रका वालबालिकालाइ विद्यालय खुलि पठनपाठन भएको दिनको मात्र उपस्थित विद्यार्थी संख्यालाइ आधार मानि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको दिवाखाजा कार्यक्रम कार्यान्वयन मापदण्डमा उल्लेख भएको मेनुमा आधारित रहेर स्थानिय स्तरमा उपलब्ध पौष्टिक कृषि उपजको अधिकतम उपयोग गर्ने गरि विद्यालयमै उपलब्ध जनशक्तिद्वारा नै दिवाखाजाको व्यवस्थापन गरिएको छ । दिवा खाजाको लि विनियोजित वजेट १करोड ४७लाख खर्च १करोड १४लाख ४४हजार । दिवा खाजाको मोडालिटी २०८१/२०८२मा यस प्रकार रहेकोछ ।तालिका

| क्र.सं | विद्यालयको नाम | खाजा खुवाउने मोडालिटि | | | खाजा साप्ताहिक के के दिने गरिएको छ | | | | | | s}lkmot |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालयमा पकाएर खुवाउने गरेको | विद्यालयको क्यान्टिनसँग विद्यालयले सम्झौता गरेर खुवाउने गरेको | विद्यार्थी घरवाट खाजा ल्याउने र खाजा वापत रु १५ अभिभावकलाइ दिने | आइतवार | सोमवार | मङ्गलवार | वुधवार | विहिवार | शुक्रवार | |
| 1 | छपिया आवि | | √ | | चना जेरी | हलुवा | पुरी सब्जी | च्युरा | पकौडा | समोसा | |
| 2 | चिल्हिया मावि | | √ | | चना अण्डा | हलुवा | खीर | फलफूल | पकौडा | समोसा | |
| 3 | मैनहिया मावि | | √ | | चना अण्डा | खिर | हलुवा | समोसा मटर | खिचडी | फलफूल | |
| 4 | वीरेन्द्र मावि | | √ | | तरकारी च्युरा | हलुवा | चना भुजा | खीर | चना अण्डा | फलफूल | |
| 5 | जनता मावि | | √ | | जाउलो | चना अण्डा | हलुवा | खीर | समोसा पकौडा | भुजीया चिउरा | |
| 6 | जंगहवा स्था मावि | | √ | | हलुवा | चना भुजा | पुरी सब्जी | खीर | फलफूल | चाउमिन | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | गणसारी मावि | √ | | | चना अण्डा | हलुवा | खीर | च्यूरा | ममफली को दाना वदाम | रोटी | | |
| 8 | पब्लिक मावि | | √ | | चनाअण्डा | समोसा पकौडा | खिचडी | अण्डा भुजा | हलुवा | खीर | | |
| 9 | सिद्धार्थ मावि | | √ | | चना भुजा | अण्डा | खिर | हलुवा | समोसा मटर | खीर | | |
| 10 | जनज्योती आवि | √ | | | चना भुजा | हलुवा | खिचडी | खिर | चना। अण्डा। फलफूल | खीर | | |
| 11 | जनता आवि | | √ | | हलुवा | चना भुजा | खिर | च्यूरा छोले | चाउमिन | अण्डा | | |
| 12 | दुर्गादेवी मावि | | √ | | चना चाउमीन | चना अण्डा | समोसा पकोडा | हलुवा | खिचडी | खीर | | |
| 13 | वालकल्याण प्रावि | √ | | | चना अण्डा | हलुवा | च्यरा अण्डा | भुजा मटर | समोसा | खीर | | |
| 14 | सिद्ध प्रावि | √ | | | चना अण्डा | सेलरोटी | भुजा चना | खिर | हलुवा | खीर | | |
| 15 | समयमाइ मावि | √ | | | खीर | खिचडी | चना भ'जा | चना अण्डा | सुजीको हलुवा | समोसा मध्ये कुनै | | |
| 16 | रामजानकी प्रावि | | √ | | खीर | खिचडी | चना भ'जा | चना अण्डा | सुजीको हलुवा | | | |
| 17 | ज्ञानोदय आवि | √ | | | चना | जाउलो | सुजीको हलुवा | खिर | अण्डा | च्यूरा भुजा | | |
| 18 | कोटही आवि | √ | | | खीर तरकारी | चना भुजा | तरकारी भुजा | चना अण्डा | चना हलुवा | पकौडा भुजा | | |
| 19 | नवदुर्गा प्रावि | √ | | | हलुवा | चना भुजा | खीचडी | हलुवा | चना | अण्डा | | |
| 20 | जनज्योती प्रावि | √ | | | हलुवा | चना भुजा | मटर च्यूरा | तरकारी च्यूरा | च्यूरा तरकारी | खिचडी | | |
| 21 | र सा प्र सौ | | √ | | हलुवा | | | | | | | |
| 22 | मदर सा वोहरवा | | √ | | हलुवा | | | | | | | |
| 23 | र सा च्याङ्ग | | √ | | हलुवा | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 24 | त्रिवेणी आ वि | | | √ | चना | भुजा | हलुवा | रोटी | भात | पकौडा | |
| 25 | विवेक शील आवि | | √ | | चना अण्डा | चना हलुवा | चना भुजा | चाउमीन | आलु समोसा | फलफुल | |
| 26 | आकाशवी प्रावि | √ | | | चना अण्डा | भुजा तरकारी | खीर | हलुवा | खिचडी | | |
| 27 | भगादी प्रावि | √ | | | चना अण्डा | हलुवा | खीर | भुजा तरकारी | सेलरोटी | खिचडी | |
| 28 | सरस्वती आवि | √ | | | हलुवा | चना भुजा | जाउलो | छोले पुडी | हलुवा | चना भुजा | |

४.१५

**गाउँपालिका स्तरीय परिक्षा कक्षा ५, कक्षा ८ तथा SEE परिक्षा २०८१**

कक्षा ५ मा जम्मा परीक्षामा सम्मिलित विद्यार्थी ७३६ जनामध्ये विषयगत रुपमा उत्तीर्ण विद्यार्थी संख्या




गाउँपालिका स्तरीय परिक्षा कक्षा ८को विषयगत नतिजा विश्लेषण जम्मा सहभागी - ९३३

कक्षा ८ मा जम्मा परीक्षामा सम्मिलित विद्यार्थी ९३३ जनामध्ये विषयगत रुपमा उत्तीर्ण






| २०८१ सालको गाउँपालिकास्तरी परीक्षा कक्षा ५, ८ र एस इ इ को नतिजा | | | |
|---|---|---|---|
| कक्षा | सहभागी | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
| कक्षा ५ | ७३६ | ४८६ | ६६ |
| कक्षा ८ | ९३३ | ६९८ | ७५ |
| माध्यमिक शिक्षा परीक्षा | ७४२ | ४३८ | ६० |

### ४.१६ सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट वजेट विनियोजन भएका कार्यक्रमहरु

४.१६.१ **दशौ संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ एवम पाँचौ सियारी शिक्षा दिवस २०८१:** दशौ संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ एवम पाँचौ सियारी शिक्षा दिवस २०८१ को अवसरमा सियारी गाँउपालिका अध्यक्ष छात्रवृत्ती तथा कल्याणकारी कोष सञ्चालन कार्यविधि २०८१वमोजिम छात्रवृत्ति प्रदान गर्नका लागि सामुदायिक कलेज, सबै सामुदायिक तथा धार्मिक विद्यालयहरुबाट तोकिएका मापदण्डका आधारमा सिफारिस

भई आएका विद्यार्थीहरुलाई रु ५००० (पाँच हजार प्रति विद्यार्थी) /गाउँपालिकास्तरीय छात्रवृत्ति वितरणका लागि छात्रवृत्ती व्यवस्थापन समितिवाट सिफारिस गरिएका विद्यार्थीहरुलाई सम्बन्धित विद्यार्थीको अभिभावक सहित विद्यालय पोशाकमा र परिचय–पत्रका साथ मिति २०८१ ०३गते/०६/६६जना छात्रछात्रालाई गाउँपालिकाको आन्तरिक स्रोत र गाउँपालिका अध्यक्षको साझेदारिमा रु ३३००००/ तीनलाख तीस हजार रुपैया छात्रवृत्ती वितरण गरियो भने २०८० को माध्यमिक शिक्षा परीक्षा, कक्षा ५ र ८को वार्षिक परीक्षा उत्कृष्ट नतिजा हासिल गर्ने वालवालिकाहरुलाई नगद पुरस्कार, प्रमाण पत्रले सम्मानित गरिएको थियो। सो अवसरमा रु४लाख ३०हजार रुपैया खर्च भएको थियो।

### ४.१६.२ पाँचौ सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता २०८१ कार्यक्रम

सियारी गाउँपालिकाले पाँचौ पटक पाँचौं सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता २०८१ पुस ९गते देखि १२गते सम्म पव्लिक माविमा सञ्चालन गरि सम्पन्न गरियो। ३५ विद्यालयको सहभागीता रहेको यो महोत्सवमा शिक्षक तथा विद्यार्थीहरुवाट निर्माण गरिएको शैक्षिक सामग्रीहरुको प्रदर्शन तथा शैक्षिक, वौध्दिक र खेलकूदका कार्यक्रमहरु सवै गरि ४०वटा इभेन्टसमा खेल सञ्चालन गरिएको थियो। सवैमा प्रथम मैनहिया मावि प्रथम भै रनिंगशिल्ड प्रतियोगित विजय हुन सफल भयो।

यो कार्यक्रम उध्देश्यहरु यस प्रकार रहेको थियो

१ प्रतियोगिताको मार्फत सवै विद्यालयहरुको -सामुदायिक,संस्थागत र धार्मिक_ शिक्षाको गुणस्तरको अभिवृध्दिमा जोड दिने।

२ सामुदायिक र सङ्थागत विद्यालयहरुवीचको सवै खालको शैक्षिक खाडल कम गर्ने।

३ शैक्षिक गतिविधिमा विद्यालयहरुलाइ सक्रिय वनाइ वालवालिकाहरुको प्रतिभा प्रस्फुटनमा थप सहयोग गर्ने।

४ अन्तर विद्यालय,शिक्षक र वालवालिकाहरुवीच स्वस्थ्य शैक्षिक प्रतिस्पर्धाको वातावरण विकास गर्ने।

५ जिल्ला, प्रदेश तहका प्रतियोगिताहरुमा सियारीको प्रतिस्पर्धा उत्कृष्ट प्रस्तुती गर्ने।

६ सियारीको पहिचान अव्वल गराउने गर्ने .

७ अनुशासन कायम गर्ने।

### ४.१३ .३ *अध्यक्ष कप प्रथम रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता* -२०८१ कार्यक्रम

सियारी गाँउपालिका भित्र विभिन्न किसिमका खेलकुद प्रतियोगिताको आयोजना गरेर युवाहरुको खेल प्रतिभाको खोजि गर्दै त्यसको उजागर र विकास गर्दै स्थानिय प्रदेश हुदै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने र युवाहरुलाइ मोवाइलका अनाबश्यक गेमहरु तथा इन्टरनेटको गलत प्रयोग र लतबाट जोगाउदै उनिहरुको शारिरिक मानसिक सामाजिक संवेगात्मक पक्षहरुको सर्वाङगिण विकास गर्ने मुख्य अभिप्रायका साथ ***अध्यक्ष कप प्रथम रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता*** -२०८१ गरिएको थियो। सियारी खेलकुद विकास समितिको मिति २०८१-०६-१५ को निर्णयअनुसार मिति २०८१/०७/२३ गतेदेखि २६ गतेसम्म अध्यक्ष कप दोस्रो रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता आयोजना गरिएको जम्मा सियारी गाउँपालिकाका वडा नं १,३,५,६ र ७ वडाका क्रमश २,१,१,२ र २ गरि जम्मा ८ टिम सहभागि भएका थिए भने वडा नं १ नवदुर्गा यूवा क्लव प्रथम र हाटि अमवा यूवा

क्लव द्वितिय हुन सफल भएका थिए । प्रतियोगितामा प्रथम हुनेलाइ रु १लाख १ हजार र दितिय हुनेलाइ ५१हजार नगद र प्रमाण पत्र प्रदान गरिएको थियो ।यो कार्यक्रमका उद्देश्यहरु यस प्रकार रहेका थिए

खेलकुदका माध्यमबाट युवाहरुको सर्वाङगिण विकासमा सहयोग पुर्याउनु ।
युवाहरुको खेल प्रतिभाको उजागर गर्दै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडिको उत्पादनमा सहयोग पुर्याउनु ।
लागुपदार्थको दुर्व्यसनी इन्टरनेटको लत जस्ता कुलत बाट बचाइ रचनात्मक कार्यमा अभ्यस्त बनाउनु ।
समन्वय संचार सहयोग र स्वस्थ प्रतिस्पर्धा जस्ता गुणहरुको विकास गराउनु ।
खेलका माध्यमबाट सियारीको पहिचान झल्काउनु ।

**४.१६ .४ आधारभूत स्काउट तालिम** प्रतिवेदन

कार्यक्रमको नाम : स्काउट शिक्षक तालिम ।

कार्यक्रमको खर्च शीर्षक: २२५२२

कम्पोनेन्ट नं :

कार्यक्रमको वजेट: रु ३०००००  -/ तीन लाख रुपैया

कार्यक्रमको उदघाटन समापन मिति : २०८२ २८/०२/ वजेटको स्रोत : सियारी गाउँपालिका आन्तरिक स्रोत ।

कार्यक्रमको उद्देश्य : स्काउट तालिमको उद्देश्यहरु ।

- विद्यालयहरुमा स्काउटका कार्यक्रमहरु सञ्चालन गरि विश्व स्काउट र नेपाल स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासंग सियारीका बालबालिका तथा युवा वर्गलाई परिचित गराउँदै बालबालिका तथा युवा वर्गलाई जनसेवी बनाउने।
- बालबालिका तथा युवा वर्गलाई स्काउटमा आधिकाधिक मात्रामा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाने । बालबालिका तथा युवा वर्गलाई सियारी स्काउटको माध्यमद्वारा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने ।
- दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार र सहायता कार्यमा स्काउटलाई परिचालन गर्ने, गराउने ।
- विद्यालयमा सामुहिक सेवा सम्बन्धी कार्य गर्ने गराउने ।

**कार्यक्रम सञ्चालन** : नेपाल स्काउटका राष्ट्रिय प्रशिक्षक ,लुम्विनि प्रदेश आयुक्त र जिल्लास्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी भएका प्रशिक्षकहरुवाट तालिमा सञ्चालन गरिएको ।

**कार्यक्रम सञ्चालन स्थान** : त्रिवेणी आधारभूत विद्यालय सियारी ७ गोठवा रुपन्देही ।

**कार्यक्रम सञ्चालन अवधि** : ६दिन मिति २०८२।०२।२८ -२०८२।०३।०२

**कार्यक्रम सहजिकरण प्रकृया** : हैकिंग (hiking), स्काउट ड्रिल तथा मार्च पास अभ्यास, वातावरण सफाइ कार्य, नेतृत्व विकास,प्राकृतिक अवलोकन ,Camp Fire (क्याम्प फायर भनेको खुला आकाशमुनि जमिनमा दाउराको सहायताले बालिएको आगो वरिपरि बसेर गरिने सामूहिक र ( सांस्कृतिक कार्यक्रम हो। यो विशेषगरी स्काउट, गाइड, विद्यार्थी शिविर, वा अन्य सामूहिक शिविर कार्यक्रमहरूमा रातिको समयमा आयोजना गरिन्छ । प्रस्तुतीकरण, समूह कार्य , सामूहिक वसाई छलफल असल अभ्यास आदान प्रदान आदि ।

**सामग्रीहरु** : प्रोजेक्टर, ल्यापटप ,हयान्सआउट, स्काउट ड्रेस सर्ट पाइन्ट टोपि, नेपालको राष्ट्रिय झण्डा, सदस्यता व्याच , वोजम व्याच, विपि व्याच, मास्टर व्याच, स्ट्रिप व्याच, अन्नपूर्ण व्याच, मास्टर व्याच , स्कार्प ,रस्सी ओगल , व्यानर, दाउरा, सप्त रंगहरु, सेतो सिमेन्ट ,डिजेल आदि
**कार्यक्रमको अपेक्षिक उपलव्धीहरु** : कार्यक्रम सञ्चालन पश्चात निम्न उपलव्धिहरु हासिल हुने अपेक्षा राखिएको छ।

- ❖ १७ विद्यालयका स्काउट शिक्षक तयार भएका।
- ❖ स्काउटको अभ्यासले शिक्षकहरुको पेशागत दक्षता वृध्दि भएको।
- ❖ १८ शिक्षक, स्थानीय स्काउट संरक्षक ,स्थानीय स्काउट संयोजक र स्थानीय स्काउट सदस्य सचिवले स्काउटको २१ सेट युनिफर्म वितरण भई स्काउट प्रतिको प्रतिवध्दता जाहेर भएको।
- ❖ विश्व स्काउट र नेपाल स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासंग शिक्षकहरुलाई परिचित गराइएको।
- ❖ सियारी गाउपालिकामा स्काउटका कार्यक्रम लागु हुने भएको।
- ❖ कार्यक्रमको प्रगति भएको।

# परिच्छेद पाँच: असल अभ्यास प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू

## ५.१ अन्य संस्था सँगको साझेदारीमा सञ्चालित कार्यक्रम

सियारी गाउँपालिका र विकास तथा प्रकोप व्यवस्थापन केन्द्र **CDM-NEPAL** का वीचमा भएको सम्झौताको आधारमा सामुदायिक उत्थानसिल कार्यक्रम अन्तरगत विद्यालयहरुमा फोहरमैला व्यवस्थापन,हरित विद्यालय र जलवायु परिवर्तन सम्वन्धमा आधारभुत तह र माध्यमिक विद्यालयका फोकल शिक्षकलाइ ५ दिने आधारभूत तालिम र १ दिवसिय पुनरताजगी तालिमको आयोजना गरि सियारी गाउँपालिका २५ मध्ये तपसिलका १६ विद्यालयमा वृक्षरोपण ,सरसफाइ ,जलवायु परिवर्तनको वारेमा समुदाय र वालवालिकाहरुको सहजिकरण आदि कार्यहरु सम्पन्न भएको अवस्था रहेको छ। मानव मुल्य शिक्षा करीव २५० शिक्षकहरुको लागि दुइ दिन तालिम प्रदान गरिएको छ ।
**तपसिल**

१ .पब्लिक मावि सियारी ४, २. विरेन्द्र मावि सियारी ५, ३. जनता मावि सियारी ७, ४. मैनहिया मावि सियारी २, ५. सिद्धार्थ मावि सियारी ६, ६.दुर्गादेवी मावि सियारी ६, ७.जंगहत्था मावि सियारी ३, ८. गणसारी मावि सियारी २, ९.समयमाई मावि सियारी ७,१०.छपिया आवि सियारी ४, ११. त्रिबेणी आवि सियारी ७, १२. कोटही आवि सियारी २, १३. ज्ञानोदय आवि सियारी ३, १४.जनज्योती आवि सियारी ३, १५. सरस्वती आवि सियारी ३, १६.विवेकशिल आवि सियारी ६,

## ५.२. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

*5.2.1* २०८१को वार्षिक परीक्षाको परीक्षा नतिजा विश्लेषण गर्ने गरिएको । कक्षा ८ र एस. इ.इ. परिक्षा २०८१मा ६० प्रतिशत नतिजा हासिल भएको।

5.2.2 मिति २०८१/०६/१८ र १९ गते आधारभूत तह पाठ्यक्रम कार्यान्वयन सम्न्धी दुइ दिवसिया तालिम कार्यक्रम आयोजना गरि २० जना विज्ञान २३ सामाजिक २८ नेपाली २३ गणित र २३ अङ्ग्रेजी गरि जम्मा ११७ जना विषयगत शिक्षकहरुको लागि तालिम प्रदान गरिएको त्यस्तै गरि २०८१/०६/११ र १२ गते माध्यमिक तहका १३ अङ्ग्रेजी १४ गणित १२ विज्ञान १३ सामाजिक र २३ नेपाली गरि जम्मा ७५ जना शिक्षकहरुको लागि पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम आयोजना गरि शिक्षकहरुको पेशागत विकासमा जोड दिइएको।

5.2.3 दशौ संविधान दिवस २०८१ तथा पाँचौ सियारी शिक्षा दिवस कार्यक्रमकै अवसरमा अध्यक्ष छात्रवृत्ति तथा कल्याणकारी कोष तथा सियारी गाउँपालिकाको साझेदारिमा २८ जना प्राथमिक तहका , १८ जना निमा तहका बालबालिकालाइ मावि तहका १० र उच्च मावि र सामुदायिक कलेज १० गरि जम्मा ६६ जना विपन्न तथा जेहेन्दार छात्रछात्राहरुलाइ जनही रु ५००० का दरले जम्मा तिन लाख तिस हजार रुपैया वितरण गरि वालवालिकाहरुलाई पठन पाठनमा हौसला प्रदान गरिएको।

5.2.4 वालवालिकासँग उपाध्यक्ष कार्यक्रम मार्फत विद्यालयमा शिक्षक विद्यार्थी र अभिभावक तथा गाउँपालिकाको सम्वन्ध स्थापित गरि नतिजा सुधारमा जोड दिएएको।

5.2.5 विद्यालय तहमा हुने परिक्षाको समय तालिका गाउँपालिकावाट निर्धारण गरि सवै अधिकांश विद्यालयका शिक्षकहरुले आफै प्रश्नपत्र निर्माण गरि आफै प्रश्नपत्र टाइपिंग सेटिंग गरि परिक्षा सञ्चालनको क्षमता विकास भएको।

5.2.6 कक्षा १-३ मा अध्यापनरत शिक्षकहरुलाइ एकिकृत पाठ्यक्रम सम्वन्धी २५जना शिक्षकहरुलाइ ४ दिने तालिम सञ्चालन गरियो।

5.2.7 सियारी गाउँपालिका भित्रका १८ वर्ष भन्दा माथिका युवाहरुलाइ प्रोत्साहन गर्ने उध्देश्यले अध्यक्षकप फुटवल प्रतियोगिताको कार्यक्रमहरु सञ्चालन गरिएको।

5.2.8 विद्यार्थी संख्या वढी भएका शिक्षक न्यून भएका विद्यालयहरुमा गाँउपालिकाले आन्तरिक स्रोतवाट दरवन्दी कायम गरी माविमा ६, निमाविमा १३ र प्राविमा १३ गरी जम्मा ३२ शिक्षकको गाउँपालिकाको आन्तरिक स्रोतवाट तलव भत्तामा रु ७८लाख करोड ४७हजार रुपैया खर्च गरिएको छ।

5.2.9 ५५जना वाल शिक्षकहरु, १० माध्यमिक विद्यालयका कार्यालय सहायक र २५ विद्यालयका कार्यालय सहयोगीका लागि रु ७७८८ ०००/ थप पारिश्रमिक रकम निकासा गरि प्रोत्साहन गरिएको।

5.2.10 समुदायमा रहेका १० वालविकास केन्द्रमा वालवालिकाहरुलाइ खाजा पकायर खाजा व्यवस्थापनको लागि ८ कुकहरुको व्यवस्थापन गरी पारिश्रमिक दिने व्यवस्था मिलाइएको।

5.2.11 शैक्षिक दर्पण वर्ष ६ अंक६ प्रकाशनमा निरन्तरता।

*5.2.12* हरेक साल वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरि इकाइ तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सम्प्रेषण गर्ने गरेको ।

## ५.३ समग्रमा कार्यक्रमका प्रमुख उपलब्धिहरू

*5.3.1* विद्यालयका गुणस्तरमा सुधार हुदै गएको ।

*5.3.2* विद्यार्थी कक्षा छाड्ने दर घटदै गएको

*5.3.3* विद्यार्थी सिकाइ उपलब्धी बृद्धि हुदै गएको ।

*5.3.4* शिक्षकहरुको क्षमता विकास वढदै गएको ।

*5.3.5* सुचना तथ संचार प्रविधिको प्रयोगमा शिक्षकको क्षमता विकास भैरहेको ।

*5.3.6* साक्षरता दर वढ्दै गएको ।

## ५.४ चुनौती समाधानका लागि गरिएका प्रयासहरू

*5.4.1* सियारी खेलकूद विकास समिति गठन गरि खेलकूदका कार्यक्रमहरु खेलकूल शिक्षकलाइ तालिम र गाउँपालिकास्तरी युवा खेलकूद कार्यक्रमको विकास लागि फूटवल , स्काउट, रेडक्रस , जस्ता खेलहरुमा वालवालिकालाइ सहभागी गराइ वालवालिकाहरुको चौतर्फि विकासमा जोड दिइएको ।

5.4.2 विद्यालयका शिक्षकहरुलाइ आइ. सि.टी . कम्प्यूटर तालिमवाट डिजिटल कक्षामा जोड दिइएको ।

